मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

- **वीरेन्द्र रमण** - भय प्रगट कुमारी.......
- **केपी शर्मा ओली, प्रधानमन्त्री** - अब नेपाल अगाडि बढ्यो–बढ्यो यसको ग्यारेन्टी हामी गर्छौं
- **डा. रेवतीरमण लाल** - जानकी जन्मस्थान सीतामढी र पुनौरा
- **डा. शोभाकर पराजुली** - लोकतन्त्रको ऐना हो संसद
- **विशाल दुबे** - सुनु दर्दक पुकार आन्हर बहिर सरकार...!

वर्ष ३ ● अंक १६२ ● २०८२ साल वैशाख १३ गते शनिबार ● Saturday 26, April 2025 ● सूर्योदयः बिहान ५:३१ बजे ● सूर्यास्तः साँझ ६:३५ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# अढाइ महिनामा कहाँ गर्ला प्रदेश सरकारले ३८ अर्ब खर्च ?

*चालु आर्थिक वर्षको केही महिना पूर्वसम्म खर्च निकै कमजोर रहेको अवस्थामा सरकारले आफैँले ल्याएको खुला प्रतिस्पर्धाको प्रस्तावलाई हटाउँदै उपभोक्ता समितिबाट काम गराउन संकल्प प्रस्ताव मधेश प्रदेश सभाबाट पारित गराएको थियो । संकल्प प्रस्ताव पारित गरेको माघ ७ गते अघिसम्म बजेट खर्च २ प्रतिशतको हाराहारिमा थियो । प्रस्तावमा ५० लाख रुपैयाँभन्दा माथिका काम अनिवार्य ठेक्का प्रक्रियाबाट गर्ने र अन्यको हकमा नेपालको सार्वजनिक खरिद ऐनअनुसार गर्ने प्रस्ताव पारित गरेको थियो । चालु आर्थिक वर्षमा मधेश सरकारले करिब ६ हजार योजना समेटेको छ । २०८१ जेठ २५ गते जनमत पार्टीका सतिश कुमार सिंह मुख्यमन्त्री बनेपछि विगतमा हुँदै आएका उपभभोक्ता समितिको काम हटाएर खुला प्रतिस्पर्धाबाट गराउन प्रस्ताव अगाडि बढाइएको थियो । तर खर्चको अवस्थामा सुधार नभएपछि फेरि सरकार पुरानै अवस्थामा फर्किएको थियो । तर पनि बजेट खर्चमा भने सुधार आउने सकेको छैन ।*



**निरेन्द्र लाल कर्ण,**
सूचना अधिकारी,
कोष तथा लेखा नियन्त्रकको कार्यालय

*प्रदेश सरकारले चालु र पुँजीगत गरी ४३ अर्ब ९ करोड २१ लख ७० हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको १२.९ प्रतिशत अर्थात ५ अर्ब ६९ करोड ७१ लख ६७ हजार ९ सय ५३ रुपैयाँ खर्च गरेको छ भने अबको करिब अढाई महिनामा ३८ अर्ब १९ करोड ५० लाख २ हजार ४७ रुपैयाँ खर्च गर्नुपर्ने देखिन्छ ।*



**मनिष सुमन**
प्रवक्ता,
जसपा नेपाल

*सरकारी अकर्मण्यताका कारण बजेट खर्चमा प्रभाव परेको हो । केन्द्रबाट नै मन नमिलेर सिद्धान्तविहीन बेमेल गठबन्धन बनेका कारण यसको प्रभाव प्रदेशको विकासमा परेको हो । सरकारमा सहभागी दलहरुबीचमै तालमेल छैन, एकले अर्कोलाई गाली गर्छन्, अनि कसरी प्रदेशको विकास हुन्छ, अनमेल गठबन्धनले विकासको बजेटमा बेथिति ल्याएको छ ।*



**भरतप्रसाद साह**
पूर्वअर्थमन्त्री,
संसदीय दलका नेता, नेकपा माओवादी केन्द्र

*सरकारको नियत नै ठीक नरहेका कारण बजेट खर्च हुन नसकेको हो । बजेटको कार्यान्वयन शुरुदेखि नै भए यस्तो अवस्था आउने थिए । शुरुमा चुप लागेर बसे, अहिले कार्यान्वयन गर्न खोज्दा अवस्थामा सुधार आएन । सरकारमा बसौँ, समय काटौँ भन्ने मात्रै देखिएका कारण यस्तो अवस्था आएको हो, सबैभन्दा कम बजेट खर्च हुन्छ होला । मन्त्रीहरु गफमै व्यस्त छन् ।*



**सुनिलकुमार यादव**
अर्थमन्त्री
मधेश प्रदेश सरकार

*बजेट निर्माणका समयमा पार्टी सरकारमा थिएन । १३ अर्ब रुपैयाँ जति घाटा बजेट आएकाले समेत कार्यान्वयनमा धेरै चुनौती देखा परेको हो । केही समय खर्च नै भएन । आर्थिक वर्षको अन्तिमतिर अहिलेको जस्तो निरासाजनक अवस्था रहदैंन । विस्तारै बजेट खर्च बढ्ने गरी काम भइरहेको छ । बजेट खर्चमा सुधार आउने अपेक्षा छ ।*



**सतिश कुमार सिंह**
मुख्यमन्त्री
मधेश प्रदेश सरकार

*अहिले धमाधम टेण्डरबाट पनि काम भइरहेको छ । उपभोक्ता समितिबाट पनि काम भएका छन् । अरु सरकारले जेठतिर योजना बाँडिरहेको हुन्थ्यो । करिब ६ हजार योजना सञ्चालनमा छन् । सबै दलहरुलाई बाँडेर योजना दिइएकै छ । ७० प्रतिशत बजेट यसवर्ष कार्यान्वयन हुनेछ, यो अहिलेसम्मको सबैभन्दा ठूलो प्रगति हुने छ भन्नेमा विश्वस्त छु ।*

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

अस्पताल, होटलसहित विभिन्न निकाय अनुगमन गरेर चर्चा बटुलेका मधेश प्रदेश सरकार आफ्नै प्रदेशको विकास बजेट कार्यान्वयनमा भने गम्भीर देखिएको छैन । बजेट कार्यान्वयनमा प्रदेश सरकार कमजोर देखिएको छ । यसमा पनि विकास तथा पुँजी निर्माणका लागि परिचालन गरिने खर्च कार्यान्वयनको अवस्था झन् निराशाजनक देखिएको छ । चालु आर्थिक वर्ष सकिन करिब अढाई महिना मात्र बाँकी रहँदा पुँजीगत खर्च ७ प्रतिशतसमेत कट्न सकेको छैन । मधेश सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगततर्फ २७ अर्ब ९४ करोड ४४ लाख ६९ हजार रुपैयाँ विनियोजन गरेकामा वैशाख ११ गतेसम्ममा त्यसको ६.३४ प्रतिशत अर्थात १ अर्ब ७७ करोड ७ लाख ८९ हजार ५ सय ५ रुपैयाँ मात्र खर्च गर्न सकेको छ । मधेश सरकारले अबको करिब अढाई महिनामा २६ अर्ब १७ करोड ३६ लाख ७९ हजार ४ सय ९५ रुपैयाँ खर्च गर्न बाँकी रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय, जनकपुरधामले जनाएको छ ।

| मन्त्रालय | जम्मा | जम्मा खर्च | बाँकी | खर्च % | खर्च गर्न बाँकी % | चालु | चालु खर्च | चालु खर्च % | पूँजीगत | पूँजीगत खर्च | पूँजीगत खर्च % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मधेस प्रदेश | 43,892,170,000.00 | 5,697,167,953.26 | 38,195,002,046.74 | 12.98 | 87.02 | 15,947,701,000.00 | 3,926,378,448.22 | 24.62 | 27,944,469,000.00 | 1,770,789,505.04 | 6.34 |
| प्रदेश सभा | 483,500,000.00 | 202,890,898.80 | 280,609,101.20 | 41.963 | 58.037 | 378,500,000.00 | 202,848,523.80 | 53.59 | 105,000,000.00 | 42,375.00 | 0.04 |
| प्रदेश लोक सेवा आयोग | 122,631,000.00 | 53,101,234.77 | 69,529,765.23 | 43.302 | 56.698 | 94,765,000.00 | 44,950,872.77 | 47.43 | 27,866,000.00 | 8,150,362.00 | 29.25 |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | 34,200,000.00 | 15,052,997.88 | 19,147,002.12 | 44.015 | 55.985 | 30,200,000.00 | 14,327,141.88 | 47.44 | 4,000,000.00 | 725,856.00 | 18.15 |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 530,953,000.00 | 81,629,305.62 | 449,323,694.38 | 15.374 | 84.626 | 437,011,000.00 | 74,678,598.62 | 17.09 | 93,942,000.00 | 6,950,707.00 | 7.40 |
| अर्थ मन्त्रालय | 238,234,600.00 | 70,429,643.88 | 167,804,956.12 | 29.563 | 70.437 | 213,064,600.00 | 60,956,861.88 | 28.61 | 25,170,000.00 | 9,472,782.00 | 37.64 |
| उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | 2,989,214,970.00 | 186,334,319.44 | 2,802,880,650.56 | 6.234 | 93.766 | 344,592,000.00 | 134,234,555.50 | 38.95 | 2,644,622,970.00 | 52,099,763.94 | 1.97 |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | 2,791,900,000.00 | 313,011,060.65 | 2,478,888,939.35 | 11.211 | 88.789 | 2,567,423,000.00 | 282,801,000.82 | 11.01 | 224,477,000.00 | 30,210,059.83 | 13.46 |
| ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालय | 5,259,642,000.00 | 672,997,047.94 | 4,586,644,952.06 | 12.795 | 87.205 | 433,119,000.00 | 173,671,650.60 | 40.10 | 4,826,523,000.00 | 499,325,397.34 | 10.35 |
| गृह संचार तथा कानुन मन्त्रालय | 806,804,000.00 | 129,471,112.72 | 677,332,887.28 | 16.047 | 83.953 | 312,804,000.00 | 89,058,311.43 | 28.47 | 494,000,000.00 | 40,412,801.29 | 8.18 |
| वन तथा वातावरण मन्त्रालय | 2,385,925,000.00 | 856,612,158.36 | 1,529,312,841.64 | 35.903 | 64.097 | 1,270,371,000.00 | 544,689,345.57 | 42.88 | 1,115,554,000.00 | 311,922,812.79 | 27.96 |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | 13,337,090,412.00 | 945,309,407.19 | 12,391,781,004.81 | 7.088 | 92.912 | 426,263,000.00 | 209,083,553.22 | 49.05 | 12,910,827,412.00 | 736,225,853.97 | 5.70 |
| खेलकुद तथा समाज कल्याण मन्त्रालय | 2,039,062,542.00 | 50,187,274.36 | 1,988,875,267.64 | 2.461 | 97.539 | 720,272,542.00 | 46,641,698.36 | 6.48 | 1,318,790,000.00 | 3,545,576.00 | 0.27 |
| शिक्षा तथा समाज कल्याण मन्त्रालय | 3,043,010,440.00 | 404,765,621.60 | 2,638,244,818.40 | 13.301 | 86.699 | 1,284,990,440.00 | 361,643,087.99 | 28.14 | 1,758,020,000.00 | 43,122,533.61 | 2.45 |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | 5,216,752,000.00 | 1,134,909,234.52 | 4,081,842,765.48 | 21.755 | 78.245 | 3,452,037,000.00 | 1,121,947,938.12 | 32.50 | 1,764,715,000.00 | 12,961,296.40 | 0.73 |
| श्रम तथा यातायात मन्त्रालय | 834,148,000.00 | 147,479,589.95 | 686,668,410.05 | 17.68 | 82.32 | 610,212,000.00 | 134,824,230.08 | 22.09 | 223,936,000.00 | 12,655,359.87 | 5.65 |
| प्रदेश नीति तथा योजना आयोग | 50,400,000.00 | 19,231,257.58 | 31,168,742.42 | 38.157 | 61.843 | 44,960,000.00 | 16,265,289.58 | 36.18 | 5,440,000.00 | 2,965,968.00 | 54.52 |
| अर्थ - विविध | 647,398,036.00 | 0.00 | 647,398,036.00 | 0.00 | 100.00 | 245,812,418.00 | 0.00 | 0.00 | 401,585,618.00 | 0.00 | 0.00 |
| स्थानीय तह | 3,081,304,000.00 | 413,755,788.00 | 2,667,548,212.00 | 13.428 | 86.572 | 3,081,304,000.00 | 413,755,788.00 | 13.43 | 0.00 | 0.00 | #DIV/0! |

लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्र लाल कर्णका अनुसार मधेश प्रदेश सरकारले चालु र पुँजीगत गरी ४३ अर्ब ९ करोड २१ लख ७० हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको १२.९ प्रतिशत अर्थात ५ अर्ब ६९ करोड ७१ लख ६७ हजार ९ सय ५३ रुपैयाँ खर्च गरेको छ भने अबको करिब अढाई महिनामा ३८ अर्ब १९ करोड ५० लाख २ हजार ४७ रुपैयाँ खर्च गर्नुपर्ने रहेको छ । विनियोजित बजेटमध्ये तलब भत्तालगायतको शीर्षकमा चालु तर्फबाट रकम खर्च हुनेगर्छ भने विकास निर्माणका कार्यमा हुने खर्च पुँजीगत तर्फबाट हुने गर्छ । मधेश सरकारले चालु आर्थिक वर्षको साउन १ गतेदेखि वैशाख ११ गतेसम्ममा पुँजीगततर्फ ६.३४ प्रतिशत बजेट मात्र खर्च गर्नसकेकाले यसले विकास निर्माणको काम सुस्त गतिमा रहेको देखाएको छ ।

मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय रहेकामा अर्थमन्त्रालयले सबैभन्दा बढी पुँजीगत खर्च गरेको छ । अर्थ मन्त्रालयले पुँजीगततर्फ विनियोजित बजेटको ३७.६४ प्रतिशत अर्थात ९४ लाख ७२ हजार ७ सय ८२ रुपैयाँ खर्च गरेको हो ।

यस्तै, वन तथा वातावरण मन्त्रालयले कुल विनियोजित बजेटको २७.९६ प्रतिशत अर्थात ८५ करोड ८६ लाख १२ हजार १ सय ५८ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पुँजीगततर्फ कुल विनियोजित रकमको १३.४६ प्रतिशत अर्थात १९ करोड ४२ लाख ६६ हजार ९ सय ४० रुपैयाँ खर्च गरेको छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका लागि पुँजीगततर्फ ४ अर्ब ८२ करोड ६५ लाख २३ हजार रुपैयाँ रकम विनियोजन गरिएकामा त्यसको १०.३५ प्रतिशत अर्थात ४९ करोड ९३ लाख २५ हजार ३ सय ९७ रुपैयाँ खर्च गरेको छ भने अबको अढाई महिनामा ४ अर्ब ३२ करोड ७१ लाख ९७ हजार ६ सय ३ रुपैयाँ खर्च गर्न बाँकी रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकमा उल्लेख छ ।

गृह, सञ्चार तथा कानून मन्त्रालयका लागि पुँजीगततर्फ ४९ करोड ४० लाख रुपैयाँ विनियोजन गरिएकामा त्यसको ०.१ प्रतिशत अर्थात ४ करोड ४ लाख १२ हजार ८ सय १ रुपैयाँ खर्च गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि पुँजीगततर्फ ९ करोड ३९ लाख ४२ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ७.४० प्रतिशत अर्थात ६९ लाख ५० हजार ७ सय ७ रुपैयाँ मात्र खर्च गर्न सकेको छ ।

सबैभन्दा बढी रकम रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले पुँजीगततर्फ विनियोजित बजेटको ५.७० प्रतिशत मात्र खर्च गर्न सकेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि पुँजीगततर्फ १२ अर्ब ९१ करोड ८ लाख २७ हजार ४ सय १२ रुपैयाँ विनियोजन गरिएकामा ७३ करोड ६२ लाख २५ हजार ८५४ रुपैयाँ मात्र खर्च भएको हो । श्रम तथा यातायात मन्त्रालयका लागि पुँजीगततर्फ २२ करोड ३९ लाख ३६ हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको ५.६५ प्रतिशत अर्थात १ करोड २६ लाख ५५ हजार ३ सय ६० रुपैयाँ खर्च भएको सूचना अधिकारी कर्णले जानकारी दिए ।

यस्तै, शिक्षा तथा समाज कल्याण मन्त्रालयका लागि पुँजीगततर्फ १ अर्ब ७५ करोड ८० लाख २० हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको २.४५ प्रतिशत अर्थात ४ करोड ३१ लख २२ हजार ५ सय ३४ रुपैयाँ खर्च गरेको हो । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि चालु आवमा पुँजीगततर्फ २ अर्ब ६४ करोड ४६ लाख २२ हजार ९ सय ७० रुपैयाँ विनियोजन गरिएकामा त्यसको १.९७ प्रतिशत




अर्थात ५ करोड २० लाख ९९ हजार ७ सय ६४ रुपैयाँ खर्च गरेको हो ।

यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि पुँजीगततर्फ १ अर्ब ७६ करोड ४७ लाख १५ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ०.७३ प्रतिशत अर्थात १ करोड २९ लाख ६१ हजार २ सय ९६ रुपैयाँ मात्र खर्च भएको छ । खेलकुद तथा समाज कल्याण मन्त्रालयका लागि चालु आवमा पुँजीगततर्फ १ अर्ब ३१ करोड ८७ लाख ९० हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको ०.२७ प्रतिशत अर्थात ३५ लाख ४५ हजार ५ सय ७६ रुपैयाँ खर्च गरेको हो ।

यस्तै, प्रदेश नीति तथा योजना आयोगका लागि पुँजीगततर्फ ५४ लाख ४० हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको ५४.५२ प्रतिशत अर्थात २९ लाख ६५ हजार ९ सय ६८ रुपैयाँ खर्च गरेको हो । प्रदेश लोकसेवा आयोगका लागि पुँजीगततर्फ २ करोड ७८ लाख ६६ हजार रुपैयाँ विनियोजन गरिएकामा त्यसको २९.२५ प्रतिशत अर्थात ८१ लख ५० हजार ३ सय ६२ रुपैयाँ खर्च भएको हो । मुख्य न्यायाधीवक्ताको कार्यालयका लागि पुँजीगततर्फ ४० लाख रुपैयाँ विनियोजन गरिएकामा त्यसको १८.१५ प्रतिशत अर्थात ७ लाख २५ हजार ८ सय ५६ रुपैयाँ खर्च भएको हो । प्रदेशसभाका लागि पुँजीगततर्फ १० करोड ५० लाख रुपैयाँ विनियोजन गरिएकामा त्यसको ०.०४ प्रतिशत अर्थात ४२ हजार ३७५ रुपैयाँ मात्र खर्च गर्न सकेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

मधेश प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले बजेट निर्माणका समयमा आफ्नो पार्टी सरकारमा नरहेको र बजेट निर्माण भइसकेपछि आफूले मन्त्रालयको जिम्मेवारी पाएको जानकारी दिए । उनले १३ अर्ब रुपैयाँ जति घाटा बजेट आएकाले समेत कार्यान्वयनमा धेरै चुनौती देखा परेको कारणले गर्दा केही समय खर्च नै नभएको अवस्था रहेको बताए । उनले भने, 'विस्तारै बढ्ने हो आर्थिक वर्षको अन्तिमतिर अहिलेको जस्तो निरासाजनक अवस्था रहदैंन त्यसकारण विस्तारै बजेट खर्च बढ्ने गरी काम भइरहेको छ ।' यादवले बजेट खर्चमा सुधार आउने आफूहरुले अपेक्षा गरेको बताए ।

विपक्षी दलहरु भने सरकारी अकर्मण्यताका कारण नै बजेट खर्चको प्रभावसमेत परेको बताए । जसपा नेपालका प्रवक्ता एवम् प्रदेश सभा सदस्य मनिष सुमनले केन्द्रबाट अहिले मन नमिलेर सिद्धान्तविहीन बेमेल गठबन्धन बनेका कारण यसको प्रभाव प्रदेशको विकासमा परेको बताए । उनले भने, 'सरकारमा सहभागी दलहरुबीचमा तालमेल छैन, एकले अर्कोलाई गाली गर्छ, अनि कसरी प्रदेशको विकास हुन्छ, त्यसकारण अनमेल गठबन्धनले विकासको बजेट सबैतिर प्रदेशमा बेथिति ल्याएको छ ।'

मधेश प्रदेशका पूर्वअर्थमन्त्री एवम् नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले सरकारको नियत नै ठीक नरहेका कारण यस्तो अवस्था आएको बताए । उनले बजेटको कार्यान्वयन शुरुदेखि नै भए यस्तो अवस्था नआउने तर शुरुमा चुप लागेर बसेर अहिले कार्यान्वयन गर्न खोज्दा अवस्थामा सुधार नआएको बताए । उनले भने, 'सरकारको नियत शुरुदेखि नै विकास प्रति राम्रो देखिएको छैन, सरकारमा बसौँ, समय काटौं भन्ने मात्रै देखिएका कारण यस्तो अवस्था आएको हो, यसपटक सबैभन्दा कम बजेट खर्च हुन्छ होला । तर सरकारका मन्त्रीहरु गफ दिनेमै व्यस्त छन् ।'

मधेश प्रदेश सरकारका मुख्यमन्त्रीले भने बजेट खर्च नभएको कुरा खण्डन गरे ।

उनले भने, 'संकल्प प्रस्ताव आउनुअघिसम्म यस्तो अवस्था हो । अहिले धमाधम टेण्डरबाट पनि काम भएको छ । उपभोक्ता समितिबाट पनि काम भएका छन् । अरु सरकारले जेठतिर योजना बाँडिरहेको हुन्थ्यो । अहिले त्यस्तो छैन । करिब ६ हजार योजना सञ्चालनमा छन् । सबै दलहरुलाई बाँडेर योजना दिइएकै छ । मलाई लाग्छ, ७० प्रतिशत बजेट यसवर्ष कार्यान्वयन हुनेछ, यो अहिलेसम्मको सबैभन्दा ठूलो प्रगति हुने छ भन्नेमा म आफू विश्वस्त छु ।'

# सजग समाज परियोजनाको जिल्ला स्तरीय बैठक सम्पन्न

**मधेशदृष्टि**
**गौर ।**
महिला आवाज र अग्रगामी कार्यमा नेतृत्व सजग समाज परियोजनाको जिल्ला स्तरीय सरोकारबालाहरुको बैठक शुक्रबार रौतहट जिल्लाको सदरमुकाम गौरमा सम्पन्न भएको छ ।

अभियान नेपालको आयोजना, केयर नेपालको प्राविधिक सहयोगमा परियोजनाको संचालन सम्बन्धि बैठक सम्पन्न भएको हो । पुर्वनुमानमा आधारित पूर्व कार्यका संयन्त्रहरुमा महिलाको नेतृत्वलाइ प्रवर्दन गर्ने उदेश्यले परियोजना लागु भएको केयर नेपालका कार्यकारी निर्देशक सुरज गौतमले जानकारी दिएका छन् । ३ करोड भन्दा बढी बजेट रहेको सजग समाज परियोजना रौतहटको राजदेवी नगरपालिकाको वडा नम्बर ६, ८ र दुर्गा भगवती गाउपालिकाको वडा नम्बर ५ बाढी प्रभावित वडामा लागु गरिने छन् । बाढी आउनु भन्दा पूर्व र बाढी पछि गरिने तयारी कार्य बारे सजगता अपनाउने जानकारी गराउने लक्ष्य परियोजनाको रहेको जानकारी गराइएको छ । जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष राम अयोध्या यादवको सभापतित्वमा भएको जिल्ला स्तरीय सरोकारवालाहरुको बैठकमा राजदेवी नगरपालिकाको नगर प्रमुख भिखारी प्रसाद यादवले गौर, राजदेवी नगरपालिका बागमती नदी र लाल बकैया नदीको पानीले बर्षेनी डुवानमा पर्दै आएको उल्लेख गर्दै पानीको उचित निकास हुनु पर्ने जोड दिए । बाँधको मरमतमा संघ र प्रदेश सरकारले समयमा ध्यान दिनु पर्ने बताउदै नदीको बेड लेबल बढी भएकोले माटो निकाल्नु पर्ने बताए ।

नदीको सतह माथि भएकोले बाढीको उच्च जोखिम रहेको उहाको कथन रहेको छ । बैठकमा सजग समाज परियोजनाको लक्ष्य उदेश्य प्रभावित क्षेत्रका लागि राम्रो रहेको बताउदै दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले यसको सफलताको कामना समेत गरेका छन् । बाढीबाट सुरक्षित हुनको लागि झाझ नदीमा बांध आवश्यक रहेको भन्दै नेपाल सरकारले यसप्रति चासो देखाउनु पर्ने धारणा राखे । भारतीय बांधको कारण बाढीको पानी निकासमा अप्ठ्यारो हुने गरेकोले गौरमा ढल निकास तथा लाल बकैया र बागमती नदीको बांधको उचाई बढाउनु पर्ने बताए । कार्यक्रममा सहभागी भएका सरोकारवालाहरुले विपद् व्यवस्थापन तथा पूर्व तयारीबारे सामाजिक स्तरमा जनचेतना फैलाउनु पर्ने, समयमा सुचना प्रभाव गर्ने व्यवस्था मिलाउनु पर्ने लगायतका बिषयमा सकारात्मक सल्लह सुझाव दिएको आयोजक सस्थाका शत्रुधन प्रसाद सिंहले जानकारी दिएका छन् ।

# समाजवादी मुस्लिम संघ धनुषामा कलिम राइन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समाजवादी मुस्लिम संघ नेपाल, जिल्ला कार्य समिति धनुषा अन्तर्गत प्रथम जिल्ला अधिवेशन सम्पन्न भई नयाँ नेतृत्व चयन गरिएको छ । धनुषा जिल्लाको सबैला नगरपालिका–६ स्थित गोविन्दपुरमा रहेको पार्टी कार्यालयको प्राङ्गणमा सम्पन्न अधिवेशनले मो. कलिम राइनको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्मतिले चयन गरेको हो ।



गठित कार्य समितिमा अध्यक्षमा पुनः मो. कलिम राइन चयन भएका छन् । उपाध्यक्षमा दुखी मंसुर, महिला उपाध्यक्षमा संजिला खातुन, सचिवमा अमिन राइन, सह–सचिवमा अहमद राइन, कोषाध्यक्षमा किशोरी राइन र सह–कोषाध्यक्षमा मंजुर मौलाना चयन भएका छन् ।

त्यस्तै, नवगठित समितिका सदस्यहरूमा गफुर राइन, कुरबान साफी, जोहेर राइन, अबदुल जवार, सुलतान राइन, अइलुन मंसुर, मकवुल राइन, सकिल हाफिज, अबदुल समद, जुबेदा खातुन, अनिष राइन र मोमताज राइन रहेका छन् ।

कार्य समिति चयनसँगै समाजवादी मुस्लिम संघले मधेश प्रदेशमा आफ्नो सांगठनिक संरचना विस्तार गर्दै मुस्लिम समुदायभित्रको प्रतिनिधित्व बलियो बनाउने बताइएको छ । कार्यक्रमको उद्घाटन सत्रमा जसपा नेपालका केन्द्रिय सल्लाहकार विमल साह प्रमुख अतिथिको रूपमा सहभागी थिए । कार्यक्रममा मधेश प्रदेशसभा सदस्य सुकेश्वर यादव, जसपा नेपाल सबैला नगर अध्यक्ष राजकुमार साह र नेपाल बौद्धिक पेशाकर्मी महासंघ धनुषा तथा नीजि विद्यालय शिक्षक संगठन धनुषाका अध्यक्ष ब्रजकिशोर यादव लगायतकाहरूको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रमा अतिथिहरूले समाजमा मुस्लिम समुदायको राजनीतिक चेतना, सहभागिता र सशक्तिकरणका विषयमा जोड दिएका थिए । साथै, संघीय लोकतान्त्रिक गणतन्त्रमा अल्पसंख्यक समुदायको भूमिका अझ सशक्त र संगठित रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको थियो । समाजवादी मुस्लिम संघ नेपालको जिल्ला कार्य समिति गठनसँगै अब स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म मुस्लिम समुदायको हक–हितको पक्षमा संस्थागत आवाज उठाउने अध्यक्ष राइनले बताए ।

राइनले आफ्नो कार्यकालमा मुस्लिम समुदायभित्र सामाजिक–राजनीतिक जागरण ल्याउने र युवाहरूलाई नेतृत्व विकासतर्फ प्रेरित गर्ने लक्ष्य लिएको बताए ।

उनले भने, 'यो नयाँ कार्य समिति केवल सांगठनिक संरचनाको विषय मात्र नभई मुस्लिम समुदायभित्रको आत्मविश्वास र समर्पणको पनि प्रतिबिम्ब हो । हामी अब समावेशी लोकतन्त्रमा मुस्लिम आवाजलाई थप प्रखर बनाउँदै लैजाने छौं ।'

# निर्वाचित पदाधिकारहरुको शपथ ग्रहण

**राकेश यादव**
**गौर ।**
बैशाख ८ गते सम्पन्न भएको निर्वाचनबाट अध्यक्ष पदमा निर्वाचित अध्यक्ष लगायत निर्बिरोध निर्वाचित पदाधिकारी सदस्यहरुको प्रमाण पत्र वितरण तथा पदको गोपनियताको शपथ ग्रहण कार्यक्रम शुक्रबार गौरमा सम्पन्न भएको छ । नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएशन रौतहटको निर्वाचित पदाधिकारी सदस्यहरुको शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको हो ।

अध्यक्ष पदमा निकटतम प्रतिद्वन्दी राजाराम केसरीलाइ दुई मतले पराजित गर्दै निर्वाचित भएका हरेन्द्र साह कानु, उपाध्यक्षमा निर्विरोध शिव शंकर भगत, सचिव राकेश कुमार श्रीवास्तव, सह–सचिव हरिशंकर प्रसाद यादव, कोषाध्यक्ष भागवत राय यादव, सह–कोषाध्यक्ष राजकुमार पण्डित, सदस्य सत्य नारायण राय यादव, जियालाल भगत, वीरेन्द्र साह, आनन्द किशोर महतो, धनाई राय यादव, सोहन प्रसाद गुप्ता, सुरेन्द्र साह तेली सहित १३ जनालाई निर्वाचन समितिका संयोजक रामेश्वर प्रसाद यादवले टिका लगाई प्रमाण पत्र दिएका हुन् । पद तथा गोपनियताको शपथ ग्रहण पश्चात सम्बोधन गर्दै नवनिर्वाचित अध्यक्ष साहले निर्वाचित गराउन सहयोग गर्ने सबै लेखापढी कानुन व्यबसायिलाई धन्यबाद ज्ञापन गरेका छन् । उनले सस्थाको विकास आर्थिक पारदर्शीता कायम राख्दै पेशाको मर्यादा, गरिमा विपरित कुनै पनि कार्य नगर्ने समेत प्रतिबद्धता जनाएका हुन् ।

# नेपालको अटोमोटिभ कोटिङ बजारमा निप्पोन पेन्टको प्रवेश

**मधेशदृष्टि**
**काठमाडौँ ।**
विश्वकै अग्रणी अटोमोटिभ रिफिनिसिङ कम्पनी निप्पोन पेन्टले नेपालको बढ्दो अटोमोटिभ रिफिनिस बजारमा आफ्नो उपस्थिति विस्तार गर्ने घोषणा गरेको छ । कम्पनीले नेपालमा नयाँ कार्यालय स्थापना गर्दै प्रिमियम कोटिङ उत्पादनहरू भित्र्याउने तथा नवीन सेवा प्रदान गर्ने योजना बनाएको जनाएको छ ।

नेपालको अटोमोटिभ क्षेत्रमा दीर्घकालीन लगानी गर्ने लक्ष्यसहित निप्पोन पेन्टले उच्च–गुणस्तरका उत्पादन तथा सेवा उपलब्ध गराउने तयारी गरेको छ । यसैक्रममा, नेपाली अटो बडी सपहरूका लागि विशेष रूपमा डिजाइन गरिएको एन–म्याक्स अटोमोटिभ रिफिनिस लाइन प्रस्तुत गर्दैछ । साथै, इएर्न एपको शुरुवातमार्फत स्थानीय पेन्टरहरूलाई सशक्त बनाउने योजना पनि कम्पनीले बनाएको छ । यस एपले पेन्टरहरूलाई विभिन्न पुरस्कार तथा प्रोत्साहन कार्यक्रममार्फत लाभान्वित गर्नेछ ।

भारतभर २,००० भन्दा बढी शहरहरूमा आफ्नो मजबुत वितरण सञ्जाल भएको निप्पोन पेन्टले नेपालमा पनि सशक्त आपूर्ति प्रणाली विस्तार गर्न लागेको कम्पनीको भनाइ छ । कम्पनीले स्थानीय साझेदारी तथा खुद्रा व्यापार रणनीतिहरूमार्फत नेपालका ग्राहकहरूलाई उत्कृष्ट सेवा दिने लक्ष्य राखेको छ ।



निप्पोन पेन्ट ग्रुप अटोमोटिभ रिफिनिसेसका वरिष्ठ उपाध्यक्ष शरद मल्होत्राको नेतृत्वमा, कम्पनीले भारत, इन्डोनेसिया, अष्ट्रेलिया र मध्यपूर्वमा आफ्नो व्यवसाय मजबुत बनाइसकेको छ ।

अब, पश्चिम एशिया र अफ्रिकासम्म आफ्नो उपस्थिति विस्तार गर्ने रणनीतिसहित, निप्पोन पेन्टले मास्टरक्राफ्ट ब्रान्ड ल्याउने योजना बनाएको छ । मास्टरक्राफ्टले उपभोक्ताहरूलाई जापानी प्रविधिमा आधारित उच्च–गुणस्तरको, छिटो तथा भरपर्दो अटोमोटिभ बडी तथा पेन्ट मर्मत सेवा प्रदान गर्नेछ ।

निप्पोन पेन्टले नेपालमा शेर ए निप्पोन जस्तै कार्यक्रम ल्याउने तयारी गरिरहेको छ । यसले भारतमा १०,००० भन्दा बढी पेन्टरहरूलाई जोडेको छ । यो कार्यक्रम नेपाली पेन्टरहरूको सीप विकास, व्यवसाय प्रवद्र्धन तथा सेवा गुणस्तर सुधारमा केन्द्रित हुनेछ ।

नेपालमा स्थानीय उत्पादनको सम्भावना अध्ययन गर्दै निप्पोन पेन्टले अटोमोटिभ क्षेत्रबाहेक अन्य उद्योगहरूमा पनि आफ्नो उपस्थिति विस्तार गर्ने योजना बनाएको छ । यस पहलले नेपालमा कम्पनीको दीर्घकालीन प्रतिबद्धतालाई थप मजबुत बनाउने विश्वास गरिएको छ ।

# १८ लाख भन्दा बढीको फलफुलसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**
भारतबाट तस्करी भई आउँदै गरेका १८ लाख भन्दा बढीका फलफुलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रबार बिहान ११ बजेतिर हुलाकी सडक अन्तरगत सप्तरीको बलान बिहुल २ चनही सडक खण्डमा प्रहरीले प्र०१–००१च०२४० नम्बरको पिकअप भ्यानबाट १८ लाख ५९ हजार ९ सय मुल्य बराबरको फलफुलसहित एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका १ का २५ वर्षीय रबिन महतो छन् ।

उनले चलाएको सो गाडीमा भारतबाट भन्सार छलेर ल्याइएका स्याउ, सुन्तला र आँप लगायतका फलफुल बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्त प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । प्रहरी चौकी चनहीबाट खटेको गस्ती टोलीले चेकजाचका क्रममा अवैध रुपमा ल्याइएको फलफुलसहित उक्त गाडी नियन्त्रणमा लिएको प्रहरी नायब उपरिक्षक बस्नेतको भनाइ छ । भन्सार छलेर ल्याइएको फलफुल र सो कार्यमा प्रयोग गरिएको पिकअपसहित चालक मेहतालाई शुक्रबार नै कारवाहीका लागि राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।

# अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतद्वारा सडक अनुगमन



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल र प्रमुख प्रशासकीय अधिकृत सरोज कर्णले पालिकाद्वारा निर्माणाधीन सडकको अनुगमन गरेका छन् । वडा नं. ७ स्थित कट्टी टोलदेखि फतेपुर सडकसम्म भइरहेको माटो तथा ग्राभल हाल्ने कार्यको स्थलगत निरीक्षण गर्दै दुवै जनाले कामको प्रगति र गुणस्तरबारे जानकारी लिएका थिए । अनुगमनको क्रममा स्थानीय जनप्रतिनिधि, वडा न. ६ का वडाअध्यक्ष रोशन सिंह समाज सेवी शम्भु मण्डल समेत सहभागी थिए । पालिका अध्यक्ष मण्डलले निर्माणाधीन सडकको गुणस्तरमा कुनै सम्झौता नगर्न निर्देशन दिँदै स्थानीयको सहज आवागमन सुनिश्चित गर्न काम छिटो सम्पन्न गर्न आग्रह गरे । प्रमुख प्रशासकीय अधिकृत कर्णले पनि काम नियमित निगरानीमा रहेको जनाउँदै पालिका विकासका काममा पारदर्शिता र उत्तरदायित्वको ख्याल गरिने बताए ।

# सवारी ज्यानका फरार प्रतिवादी एक वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**
सवारी ज्यान मुद्दाका फरार एक प्रतिवादी एक वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका–४ का ४० वर्षीय पञ्चदेव मण्डल छन् । बिहीबार साँझ पक्राउ गरेका उनलाई अदालतको आदेशानुसार शुक्रबार कैद भुक्तानका लागी राजविराज कारागार चलान गरिएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार २०८१ बैशाख ७ गते सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई १५ दिन कैद सजाय हुने ठहर गरेको थियो ।

अदालतको आदेश भए लगतै उनी फरार भएका थिए । पक्राउ परेका उनलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि कारागार पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# फुसका एक हजार आठ मण्डप तयार

**मधेशदृष्टि**
**राजविराज ।**
राजविराज नगरपालिका तथा रुपनी गाउँपालिकाको बीच सिमानास्थित गजेन्द्रनारायण सिंह औधोगिक क्षेत्रमा बैशाख २१ गतेदेखि श्री सीताराम नाम १०८ मण्डपीय संकिर्तन एवम् रामचरित मानस महायक्षको आयोजना हुने भएको छ । ९ दिनसम्म चल्ने उक्त महायज्ञमा नेपाल तथा भारतका विभिन्न धर्मगुरुका साथै साधु–सन्तहरुको व्यापक सहभागिता हुने शुक्रवार महायज्ञस्थल मै पत्रकार सम्मेलनको आयोजना गरी आयोजक समितिले जनाएको छ । विश्व शान्ति, मानव कल्याण, औधौगिक क्षेत्रको विकास तथा उद्योगीहरुलाई आकर्षित गर्ने कामनाका साथ आयोजना गर्न लागिएको महायज्ञमा १५ लाखभन्दा बढी भक्तजनआउने विश्वास गरिएको आयोजक समितिका अध्यक्ष गणपैत पण्डित कुम्हारले बताए । भव्यरुपमा हुन लागेको महायज्ञको अनुमानित लागत ३ करोड ३६ लाख रहेको आयोजक समितिका सहअध्यक्ष समेत रहेका रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिए । उनले विश्व शान्ति, मानव कल्याण, हिन्दु धर्मको रक्षा, प्रचार प्रसार तथा औद्योगिक क्षेत्रको विकासका लागी समेत महायज्ञको आयोजना गर्न लागिएको भन्दै यसमा सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नू पर्नेमा जोड दिए । यज्ञकर्ता एवम् संरक्षक जगत नन्दन दासजी (पगलाबाबा) ले महायज्ञमा भारतका शंकराचार्य पिठाधिश जगत गूरु शारदानन्द सरस्वतीका साथै नेपाल तथा भारतका प्रख्यात संन्तहरुबाट कथावाचन हुने कार्यक्रम रहेको जानकारी दिदै महायज्ञ सफल बनाउन सबैसंग आग्रह गरे । महायज्ञ भव्य बनाउनका लागि धार्मिक प्रवचन, रासलिला, रामलिला, झुला खेलसहित मनोरंजनका विभिन्न कार्यक्रमहरु आयोजना हुने जिल्ला समन्वय समितीका उपप्रमुख एवं महायज्ञ आयोजक समितिका सदस्य शम्भु प्रसाद यादवले जानकारी दिए । महायज्ञस्थलमा अहिले पुजा विधीका लागी फुँसका १००८ वटा मण्डप बनाइएको छ भने विभिन्न देवी देउताका १०८ वटा मुर्ती बनाउने काम धमाधम चलिरहेको छ । महायज्ञ भव्य बनाउन विभिन्न ९ वटा उपसमितीहरु समेत बनाइएको छ । पत्रकार सम्मेलनमा समाजसेवी गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, प्रदिप यादव, वडाअध्यक्ष जबाहर यादव, गंगाराम यादव, खोनेपानी कार्यालयका प्रमुख एवं महायज्ञ व्यवस्थापन उपसमितिका संयोजक राजाराम यादवले महायज्ञको तयारी बारे जानकारी गराएका थिए । महायज्ञको उद्घाटनका दिन १० हजार महिलाको सहभागितामा कलश यात्रा निकाल्ने तयारी गरिएको आयोजक समितिले जनाएको छ । महायज्ञ बैशाख २१ गतेदेखी सूरु भई २९ बैशाख सम्मचल्ने छ ।


**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**जनकपुरधाम, धनुषा, नेपाल**

**वोलपत्र रद्द गरिएको सुचना**

(सुचना प्रकाशित मितिः २०८२/०१/१३)

प्रस्तुत विषयमा यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधाम, धनुषाको मिति २०८२/०१/१२ गतेको निर्णयानुसार ठेक्का नं. MP/PHLMC/NCB/GOODS-16/2081-082 The Procurement and Supply of Medicines for Basic and Emergency service को वोलपत्र रद्द गरिएको व्यहोरा सरोकारवाला सबैलाई जानकारी गराईन्छ ।

- Director

# भय प्रगट कुमारी.......



वीरेन्द्र रमण





सीता अर्थात् मिथिलाकी छोरी । कुनै पनि व्यक्ति आफ्ना सन्तानप्रति गर्व गर्छन्, सारा मिथिला सीताप्रति उत्तिकै गर्व गर्छन् । मिथिला भाषा जति समृद्ध र सुमधुर छ, हो यस्तो गुणले परिपूर्ण छिन् सीता । सीताको एउटा नाा मैथिली पनि हो, जो आज मिथिलाको भाषाका नाममा छ । सीताले मानव जीवनका लागि धेरै दिएर गएकी छिन् । कतिपयले हिन्दूको ग्रन्थमा सीतालाई योद्धाका रुपमा समेत व्यख्या गरेका छन् । तर मिथिला आफ्नी छोरीलाई कोमल भावले भरिपूर्ण रहेको मान्ने गर्छ । सीतालाई मिथिलामा आदिशक्तिको रुपमा समेत पुज्ने गरिन्छ । कारण हिन्दूधर्ममा उनको जन्म त्यो समयमा महिलालाई आदर्शका रुपमा मानव जीवनको सञ्चालनको विषयमा थियो भने समाजमा देखिएका विकृति हटाउन र समुन्नत समाज निर्माणका लागि भएको विश्वास छ ।

त्यसकारण सीताको वृहत् चरित्रका विषयमा विभिन्न धार्मिक ग्रन्थमा वर्णन पाइन्छ । विभिन्न धार्मिक ग्रन्थमा सीताको जन्मका विषयमा विभिन्न किसिमले वर्णन पाइन्छ । सबैभन्दा प्रामाणिक ग्रन्थका रुपमा वाल्मीकी रामायणलाई लिने गरिएको छ । ग्रन्थमा सीताको जन्मका विषयमा संक्षिप्त रुपमा वर्णन गरिएको छ । त्रेता युगमा रावणको आतंक थियो, उनले सबैतिर कर असुल्ने गरेका थिए । करका रुपमा पैसा नदिने ऋषिमुनिसँग रक्त लिने गरिएको थियो । उनका दूतले ऋषिको करको रुपमा रक्तलाई एउटा घैंटोमा जम्मा पारे र रावणको दरबारमा पुर्याए । तब त्यहाँ रहेका पण्डितले भने, ‘यो घैंटो समस्या हो । यसले विनास निम्त्याउने खतरा छ ।’ यो कुरा सुनेपछि रावणले घैंटो जनकको राज्य छेउमा लगेर गाडिदिए । घैंटोको प्रभावले मिथिला भूमिमा अनिकाल पर्यो । पानीको आशा नदेखेपछि जनकले ऋषिहरुसँग सल्लाह गरे । उनको सल्लाहमा राजा जनकले हलो जोत्ने निधो गरे ।

जब हलो जोत्न थाले । तब गाडिएको घैंटोनिर हलो पुगेपछि सुन्दर शिशुको जन्म भयो । जुन दिन शिशुको जन्म भएको थियो, त्यो दिन वैशाख महिनाको नवमी तिथि थियो । कुनै पनि जमिनमुनिको सामग्रीमा राज्यको अधिकार हुन्छ भन्ने मान्यता त्यो समयमा समेत थियो । त्यसकारण सीतालाई राजा जनकले आफ्नो सन्तानको स्वरुपमा स्वीकार गरे । मिथिलामा पानी पर्न थाल्यो । अनिकालको समस्या समाधान भयो । अहिले पनि यो भूमि जस्ताको तस्तै छ । सीता जन्म भएको स्थानका रुपमा भारतको सीतामढी नजिक पुनौराधाम छ ।

जहाँ सीताको जन्म भएको विश्वास गरिन्छ । सीताको जन्म भएपछि अँध्यारो भयो । हावाहूरी आयो । अनि तत्काल त्योबाट जोगिन घर निर्माण गरियो । त्यसलाई मिथिलामा मडै भनिन्छ । जसको नामबाट अहिले सीतामढी भएको हो । जो सीमावर्ति भारतमा पर्छ । सीताको जन्मभूमिबाट भएको कारणले सीतालाई भूमिजासमेत भनिन्छ । राजा जनकको जन्म इक्ष्वाकु वंशअन्तर्गत निमीको परिवारमा भएको थियो । राजा जनकका दुई भाइ, शिरध्वज र कुशध्वज थिए । शिरध्वजलाई राजा जनक भनिन्छ । शिरध्वजलाई जनकका नामले समेत परिचित छ । तर उनको वंशमा रहेक राजालाई जनकका रुपमा नै परिचय थियो तर विभिन्न ग्रन्थमा शिरध्वजको सीतासँग जोडिएर वर्णन गरिएको कारण बढि प्रसिद्धि उनको नामकै छ । निमीको शवलाई मन्थन गरेर बालकको जन्म भएको र ती बालकको नाम नै मिथि रहन गएपछि तीनैका नामबाट यस भूभागको परिचयसमेत मिथिला हुन गएको हो ।

यो मन्थनपछि उत्पन्न भएको मिथकको कारण हो निमी (निमीको अर्थ ‘पलक’) मिथिलाका प्रथम राजा थिए । उनले पुत्र प्राप्तिका लागि यज्ञ वशिष्ठसहितका मुनिलाई निवेदन गरे । तर उनी ढिलो गरी यज्ञस्थल पुग्दा यज्ञ सम्पन्न भएको देखे । त्यसपछि उनी आक्रोशित हुँदै राजालाई शरीरविहीन बनाइदिए ।

राजा निमीको शरीर नष्ट भएपछि ऋषिहरूले नै यज्ञ पूरा गरे । यज्ञ अनुष्ठान सकेर मुनिले निमीको शवको आत्मालाई कहाँ राख्ने भनेर सोधे । उनले सबै प्राणीको आँखामा हावाका रुपमा घुमिरहने बताए । त्यसबेलादेखि राजा निमीले सबै प्राणीको पलकमा बास गर्न थाले । त्यसपछि उनको शव सुनको मन्थन र रेशमको डोरीले मन्थन गरी मिथिको जन्म भयो । मन्थनबाट जन्मेका चौध सन्तानमध्ये तेह्र सन्तानले सन्तत्व ग्रहण गरे र चौधौं राजा जनक थिए ।

जनक (राजा जनकका पुर्खा) धेरै धार्मिक स्वभावका थिए । ब्राह्मणको सेवा गर्न सदैव तत्पर हुन्थे । ब्राह्मणलाई खुवाएर मात्र खाना खान्थे । एक दिन एकजना महात्माले उनको गुरू को हो भनेर सोधे । जनक निकै अल्मलमा परे । त्यसपछि उनले धेरै विद्वान, ऋषि र सन्तलाई बोलाएर आफ्नो गुरू को हुनसक्छ भनेर सोधे । तब अष्टावक्रमुनिले ज्ञान दिने बताए । के यो तिनीहरूको योग्य छ ? सबै सोचिरहेका थिए र उनको शरीरको संरचना देखेर सबै हास्न थाले । अष्टावक्र नजिकै राखिएको सुनको स्टुलमा बसेपछि जनकले घोडाको रांधामा खुट्टा राखेर घोडा चढ्न जति समय लाग्ने छ, त्यति छोटो समयमा आफ्नो ज्यान दिनुपर्ने शर्त राखे । तब ऋषिले पनि भने कि तिमी घोडामा सवार भएर जाँदैछौ भनेर पहिले नै दक्षिणा दिन्छु । त्यसपछि ऋषिले दक्षिणाका रुपमा जाने बताए ।

शरीर, मन वा धन दान गर्नुपर्छ । त्यसपछि जनक विचारमा आए र आफ्नी पत्नीसँग सल्लाह गर्न भित्र गए । पत्नीले दानमा शरीर वा धन दान गर्दा दुःख मात्र हुने भएकाले मन दान गर्नुपर्छ भनी बताइन् । त्यसपछि जनक फर्किए र ऋषिलाई आफ्नो मन दान गर्न भने । त्यसपछि, जनकले रासमा खुट्टा राखेर काठीमा बस्न चाहनेबित्तिकै अष्टावक मुनिले उनलाई तल ओर्लन भने, किनभने उनको मनको इच्छा यही हो । जब राजा तुरुन्तै तल ओर्लिए, ऋषिले उनलाई आफ्ना सबै शाही वस्त्र हटाउन भने । राजाले सत्य बुझे र ऋषिको पाउमा ढोगे । त्यसपछि ऋषिले बताए कि मन धेरै चञ्चल छ र यसले लोभ, काम, क्रोध र अहंकार जस्ता दुर्गुणलाई जन्म दिन्छ, त्यसैले व्यक्तिले यी सबै त्यागेर मनलाई नियन्त्रणमा राख्नुपर्छ ।

माता सीताबारेमा जान्नुअघि, सीताको शाब्दिक अर्थ बुझ्न आवश्यक छ । सीताको अर्थ ‘जोतेको समयमा जोतेको जमिन ।’ सीता मिथिलाका राजा जनक (शिरध्वज)की छोरी थिइन् भन्ने विश्वव्यापी मान्यता छ । राजा जनकपछि उनकी छोरी सीताको जन्म, कहिले, कहाँ र कसरी भयो भन्ने कुरा पनि जान्नु जरुरी छ । यस सन्दर्भमा धेरै कथा छन् । राजा जनक धेरै धार्मिक स्वभाव भएका धेरै शक्तिशाली राजा थिए तर उनको कुनै सन्तान थिएन । उनलाई लक्ष्मीदेवी पत्नी हुने आशीर्वाद थियो ।

एकपटक मिथिलामा ठूलो अनिकाल परेको थियो । गौतममुनिका पुत्र राजा जनकका पुजारी र कुलपोहित शतानन्दजीले भनेका थिए कि यदि राजा आफैँले खेत जोते भने वर्षा हुनेछ । निर्धारित समयमा वैशाख महिनाको शुक्ल पक्षको नवौं दिन सिंह राशिमा माघ नक्षत्रको अभिजित मुहूर्तमा सूर्यग्रहणको समयमा दिउँसो राजाले आफ्नो राज्यको सिमानामा रहेको पुण्यरक वनमा हलो जोत्न थालेपछि आफ्नो अगाडिको हलोको भागले सुनको भाँडोमा हान्यो । जमिनमा गाडियो ।

त्यसपछि जमिनभित्रको त्यो भाँडोबाट, सुनको झोलामा एउटी केटी देखा परिन् । एक मजदुरले उठाएर राजालाई दिए । राजाले पुण्यक मुनिलाई त्यो भूमि दान दिएका हुनाले त्यसमा उनको अधिकार छ । तर नवजात बालिका रोएको देखेर ऋषिले उनलाई हुर्काउन गाह्रो भएको बताए र उनी फेरि जनककहाँ आए ।

केटीलाई राजा जनकको जिम्मा लगाइयो, त्यसपछि रानी सुनैनाले केटीलाई जनकपुर दरबारमा लगेर हुर्काइन् । त्यो ठाउँलाई सीतामढ़ी (बिहार राज्य) भनिन्थ्यो जहाँ ऋषि झुपडीमा बस्थे । र, उनले जोत्ने खेत पुनौरा गाउँ भनेर प्रसिद्ध भयो ।

## कलियुगमा सीताका पिता



सीताको जन्म त्रेता युगमा भएको विश्वास गरिन्छ । विभिन्न धार्मिक ग्रन्थमा सोही अनुसारले वर्णन गरिन्छ । तर अहिले धार्मिक ग्रन्थको अनुसार कलियुग चल्दै आएको छ । तर अहिले पनि सीताको पिताको रुपमा मान्यता पाएका छन् जनकपुरधामका जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले ।

जानकी मन्दिरका हरेक महन्थलाई सीताका पिताका रुपमा पूजा गर्ने चलन छ ।

जनकपुरधाममा प्रत्येक वर्ष मनाइने सीताराम विवाहपंचमीमा राम तपेश्वर दास आफ्नो छोरी झैं सीता विवाहपंचमीमा विवाहको सम्पूर्ण कार्यमा पिताका भूमिका खेल्छन् । चाहे त्यो विवाहका समयमा तिलकोत्सवमा होस् वा अन्य विभिन्न कार्यमा समेत सीताको पिताको भूमिमा खेल्ने गरेका छन् । धनुषाको परवाहा–१ का वसन्त झाका तीन छोरामध्ये माहिलो रामतपेश्वर (५५ वर्ष) जानकी मन्दिरका महन्थ भएपछि उनले साधु सेवादेखि मन्दिरको संरक्षणको कार्य गर्दै आएका छन् । दासले सीताको बाबुको मान्यता पाउनु सामान्य कुरा होइन तर सबैभन्दा दुःख त विवाहको दिन लाग्ने गर्छ । भन्छन्, ‘कहिलेकहीं लाग्छ, मेरो छोरी कहिं कतै मलाई छाडेर त जाँदिनन् । मन व्याकुल हुने गर्छ ।’

# अब नेपाल अगाडि बढ्यो–बढ्यो यसको ग्यारेन्टी हामी गर्छौँ



–केपी शर्मा ओली
प्रधानमन्त्री

हाम्रो पार्टीले ७६ वर्ष पूरा गरेर ७७ औँ वर्षमा प्रवेश गर्दैछ । हामीले संघर्षका, बलिदानका र सफलताका ७६ वर्षहरु पार गरेका छौँ । ७६ वर्ष गौरवका वर्षहरु, उपलब्धिका वर्षहरु पार गरेका छौँ। हामीले आन्दोलनलाई एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिसकेका छौँ । अथवा अहिले संस्थापनकालको पुस्ता अब लगभग बाँकी रहेन । त्यसभन्दा पछिको पुस्ता संघर्षको मैदानमा छ । संस्थापनकालमा कलिलो उमेर भएका साथीहरु त हुनुहोला। तर, संस्थापनकालमा अलिक वयस्क भइसकेका साथीहरुको एकाध संख्याबाहेक त्यो संख्या बाँकी रहेन । यो वार्षिकोत्सव साँच्चै नै गौरव गर्न लायकको र इतिहाससहितको वार्षिकोत्सव भएको छ।

नेत्रलाल अभागीले 'सतिसाल' भन्ने कविता लेखेर भन्नुभएको थियो, 'आँधीहुरीका बेला सतिसाल मात्रै ठिङ्ग उभिन सक्छ।' कतिपय तत्वहरु अप्ठ्यारा परिस्थितिहरुमा अलिकति आन्दोलनमा धक्का लाग्यो भने कताबाट निस्किएर भागौँ भन्ने अवस्थामा हुन्छ। तर, आज नेकपा (एमाले) बनेको यो पंक्ति एउटा गौरवपूर्ण इतिहासबाट इतिहासलाई जोगाएर, इतिहासको झण्डालाई उठाएर, उद्देश्यका झण्डाहरुलाई उठाएर दृढताका साथ अगाडि बढ्दै यहाँ आइपुगेको छ।

यस आन्दोलनले राष्ट्रियताको झण्डालाई सबैभन्दा प्रखर ढंगले र गौरवपूर्ण ढंगले उठाएको छ। अरु कसैलेभन्दा दृढताका र स्पष्टताका साथ के हो राष्ट्रियता ? हाम्रो राष्ट्रिय हित भनेको के हो ? राष्ट्रिय हितलाई कसरी परिभाषित गर्ने ? अर्घेलो राष्ट्रियहित, आफ्नो देशलाई मात्रै फाइदा हुने अन्यायपूर्ण राष्ट्रियहितको दृष्टिकोण, अहंकारी राष्ट्रियहितको दृष्टिकोण, स्वार्थी राष्ट्रियहितको दृष्टिकोण वा न्यायपूर्ण, अन्तर्राष्ट्रिय, मानवीय उत्तरदायित्वसहितको राष्ट्रिय दृष्टिकोण, यसमा हाम्रो पार्टी सदैव न्याय र समानतासहितको, न्याय भन्नाले समानता त्यसैभित्र पनि पर्छ र अन्तर्राष्ट्रिय उत्तरदायित्वसहितको राष्ट्रियहितको झण्डलाई माथि उठाउँदै आएको छ । राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता र विभिन्न प्रकारका राष्ट्रियहितहरु र राष्ट्रिय गौरव र हाम्रो इतिहासको गौरव, हाम्रा पूर्खाहरुको गौरवको झण्डा माथि उठाउँदै आएको छ। एउटा प्रमुख विशेषता यो बनेको छ र आज नेपालमा राष्ट्रिय चेतना जुन छ, त्यसको प्रतिनिधित्व र त्यसको एक ढंगले भन्ने हो भने राष्ट्रिय गुरुको काम नेकपा (एमाले)ले गरेको छ।

आज सात जना साथीहरुलाई हामीले सम्मान गरेका छौँ। जसमध्ये एकजनालाई मरोणपरान्त सम्मान गरेका छौँ । उहाँहरु इतिहास बोकेर आउनुभएको छ । त्यो गौरवपूर्ण इतिहास बोकेर आउनुभएको छ। आज सम्मानित गरिएका साथीहरु मध्ये लगभग २०१४ सालदेखिको इतिहास बोक्नुभएका वाचस्पति देवकोटा, त्यसपछिको इतिहास बोक्दै आउनुभएका साथीहरु सम्मानित हुनुभएको छ। आज पार्टीले सम्मान गरेको छ, म फेरि पनि उहाँहरुप्रति आदर सम्मान व्यक्त गर्न चाहन्छु । उहाँहरुको योगदानको प्रशंसा गर्न चाहन्छु, उहाँहरुका कार्यहरुको प्रशंसा गर्न चाहन्छु, उहाँहरुले दिनुभएका योगदानको कदर गर्न चाहन्छु र उहाँहरुका अनुशरणीय कामको सिक्न पर्ने कुराहरु हामीले सिक्दै अगाडि बढ्नुपर्छ भन्ने कुराहरु पनि राख्न चाहन्छु। यसअघि पनि हामीले सम्मान गरेका छौँ, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई गतवर्ष गणतन्त्र गौरवको सम्मानले विभूषित गरेका थियौँ। हाम्रो पार्टीको तर्फबाट प्रदान गरिने सबैभन्दा ठूलो र सबैभन्दा महत्वपूर्ण सम्मान गणतन्त्र गौरव हो । त्यसबाट हामीले उहाँलाई सम्मान गरेका थियौँ। अरु साथीहरुलाई अघिल्ला वर्षहरुमा हामीले सम्मान गरेका थियौँ। सबै साथीहरुप्रति म सम्मानभाव व्यक्त गर्न चाहन्छु। अहिले पनि सातजना साथीहरु छान्नु सजिलो कुरा थिएन। आन्दोलनमा योगदान गर्ने साथीहरु ७६ वर्षमा बहुत धेरै हुनुहुन्छ। बहुत धेरै साथीहरुले योगदान गर्नुभएको छ । म अगाडि नै हेर्छु, सम्मान गरुँगरुँ लाग्ने थुप्रै साथीहरु, सम्मान गर्नुपर्ने धेरै साथीहरु बसिरहनुभएको छ । तर, अब हामी एकैचोटी धेरै ठूलो संख्यामा सम्मान गर्न पनि सक्दैनौँ । त्यसले सम्मानलाई फेरि फिक्का बनाउँछ। त्यसकारण सम्मान गर्नुपर्ने साथीहरुलाई पनि अर्को पटकका लागि छोडेर केही साथीहरुलाई यसपटक सम्मान गरेका छौँ । सम्मानित साथीहरुको संख्या सात जनाभन्दा माथि जानु वाञ्छनीय पनि हुँदैन। हरेक साल हामीले यस परिपाटीलाई पार्टी स्थापनाका दिन निरन्तरता दिनेछौँ।

आज केही पुस्तकहरु विमोचित भएका छन्। अहिले अन्तिममा विमोचित भएको पुस्तक बालाराम शर्माजीको मैले सरसर्ती बीचमा पल्टाएर हेरेँ, भर्खर विमोचित भएको सेल्टरजस्तै उहाँको पनि जेल डायरी रहेछ। मैले पल्टाएको पातामा उहाँहरु गिरफ्तार भएको र ५० जना जति अट्ने कोठामा ३६९ वा ३७० जना कोचेर राखिएको कुराको वर्णनको पेजमा आँखा पर्‍यो। बग्गीखानामा एउटा कोठा ५० जना जति अट्ने थियो, हामी ३६९/३७० जना कोचिएर राखिएको मैले हेरेको थिए । अथवा हाम्रा दुःखका स्मृतिहरु छन्, कठीनाइका स्मृतिहरु छन्, अप्ठ्याराका छन्। साथीहरु प्रायः, गिरफ्तारी नखाएका कमै साथी हुनुहोला, हिरासत नभोगेका कमै साथी हुनुहोला, अलिअलि मुद्दा नखेपेका पनि कमै साथीहरु हुनुहोला, आलोचना, विरोध र लाञ्छना नसहेका पनि कमै साथीहरु हुनुहोला। लाञ्छना विरोध पनि सहेरै आउनुभएको होला । गाली खानका लागि कुनै गल्ती गर्नु पर्दैन भन्ने उदाहरण चाहिँ अहिले गल्ती गर्नेहरुले, अपराधीहरुले, समाज बिगार्नेहरुले, राष्ट्रलाई नोक्सान पार्न खोज्ने तत्वहरुले राम्रो काम गर्नेहरुलाई नै सबैभन्दा चर्को गरी घेराबन्दी र विरोध गर्ने काम गरिरहेका छन् । यसमा विभिन्न प्रकारका शक्तिहरु सामेल भइरहेका छन् । विरोधीहरुले खुब संगठित ढंगले घेराबन्दी र हमला गर्छन्।

'अनि हाम्रै साथीहरुमा पनि कताकति फेरि यत्तिकै यो विरोध भएको हो त, यत्तिकै विरोध त भएको होइन होला नि भन्ने खालका पनि कताकता भ्रममा पर्न खोजेको हो कि, त्यो भ्रममा सामेल हुन खोजेको हो ? विभिन्न प्रकारका वैदेशिक शक्तिहरुले हाम्रो पार्टीलाई समर्थन गरिराखेका छैनन्, यहाँ नेतृत्वले केही गल्ती त गरेन ? यो राष्ट्रियताका सम्बन्धमा सवाल उठाएर विरोधको सामना गरिराखेको छ, यो जनताका सवाल उठाएर, अग्रगमनका कुरा उठाएर आलोचनाको तारो भइराखेको छ, आलोचनाको तारो नहुने नेता पो खोज्नुपर्छ कि ?'

नबुझिनेगरी त्यस्ता आशंका उठाएर बोल्ने गरेको पनि पाइएको छ । हामीले आन्दोलनका उद्देश्य छोड्दियौँ, राष्ट्रियताको मुद्दा छोड्दियौँ, यी इस्युहरु छोड्दियौँ, राष्ट्रिय हितमा अड्न छोड्यौ, राष्ट्रिय गौरवका कुरा गर्न छोड्यौ, अग्रगामी बाटो लिन छोड्यौ भने त हाइहाइ भइहाल्छौँ नि । म पनि जेठ महिनाभित्र हाइहाइ हुन खोज्ने हो भने प्रशस्त हुन सकिन्छ नि। मैले गति छाडें भन्दिने हो भने हाइहाइ गरिहाल्छन् नि, यस्तो पो हुनुपर्छ नि भनेर। तर, हाम्रो पथ त्यो होइन। हामी एउटा महान् परिवर्तनको उद्देश्यमा लागेका छौँ। हाम्रो जिम्मेवारीको क्षेत्र भनेको पहिलो यस राष्ट्र हो। यस राष्ट्रमा गरिबी निवारण गर्ने, देशमा सुशासनयुक्त लोकतान्त्रिक गणतन्त्रलाई फलाउने, फूलाउने, सही अर्थमा के हो लोकतान्त्रिक गणतन्त्र कस्तो हुनुपर्छ भन्ने नमुना स्थापना गर्ने र सुशासन र विकासको गतिलाई अगाडि लाने, समृद्ध नेपाल र सुखी नेपाली बनाएर छोड्ने, यो चानचुने नारा होइन । समृद्ध नेपाल सुखी नेपाली भनेको- नेपाल समृद्ध हुनुपर्दछ र नेपाली जनता सुखी हुनुपर्दछ । योभन्दा माथिल्लो उद्देश्य अर्को केही हुँनै सक्दैन । हामी जुनसुकै वाद भनौँ, जुनसुकै समाजवाद भनेपनि हामीले सजिलो भाषामा समाजवाद भन्ने शब्दभित्र अनेकथरी तत्वहरु त्यसभित्र समेटिएका छन्, अटाएका छन्, त्यसलाई बोकेको अभिनय गरेका छन् । हामीलाई समाजवाद भनेर मात्रै पुगेन। हामीले जनताले बुझ्नेगरी भन्नु पर्‍यो, समृद्ध नेपाल सुखी नेपाली । नेकपा (एमाले) बाहेकका अरु पार्टी समृद्ध नेपाल हुनुपर्छ र सुखी नेपाली हुनुपर्छ भनेरभन्दा किन बोल्न सक्दैनन्, यिनका मुखबाट किन त्यो वचन निस्किन सक्दैन ? नेपाल समृद्ध हुनुपर्छ, नेपाली जनता सुखी हुनुपर्छ, किन बोल्न नसकेको होला ? के अड्किन्छ होला घाँटीमा ? सुखी नेपाली भन्दा केले बोल्न नदिएको होला ? सुखी नेपाली भन्न किन नमिलेको होला ? यसको जवाफ उहाँहरुले नै दिनुहोला।

हाम्रो पार्टी बहुत स्पष्टताका साथ समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा अगाडि बढ्छ । हामी समाजको पछौटेपन हटाउन चाहन्छौँ । आधुनिक, समृद्ध, समतायुक्त र सुशासनयुक्त देश बनाउन चाहन्छौँ । जहाँ शान्ति चाहिएको छ, जहाँ समानता छ, जहाँ हरेक मानिस कुनै भय नभएको वातावरणमा, डर त्रास नभएको वातावरणमा, भयमुक्त वातावरणमा बाँच्न सक्छ, हामी त्यस्तो चाहन्छौँ र सम्मानित जीवन बाँच्न पाउनु पर्छ । हाम्रो समृद्धि हरेक परिवारमा आम्दानी र खर्चको स्थिति, आम्दानीले खर्च पुर्‍याएर, आवश्यक र अत्यावश्यक खर्चहरु पुर्‍याएर बचतको स्थितिमा जब हरेक परिवार पुग्छ, देश स्वतः समृद्ध हुन्छ। बढी आम्दानी हरेक जनताले गरेपछि वा हरेक वयश्क काम गर्ने उमेरको मान्छेले राम्रो आम्दानी गर्‍यो भने राम्रो ट्याक्स तिर्छ, राम्रो ट्याक्स तिर्‍यो भने सरकार मजबुत हुन्छ । सरकारले विकास निर्माणका थुप्रै राष्ट्रिय/क्षेत्रीय र स्थानीय क्रियाकलापहरु गर्न सक्छ। सरकार बलियो भयो भने सक्छ। हामी त्यसरी जनतालाई बलियो बनाउन चाहन्छौँ । जनता बलियो भएपछि सरकार बलियो हुन्छ, हामी सरकार बलियो बनाउन चाहन्छौँ । हामी त्यस गन्तव्यमा अथक ढंगले आएका छौँ।

मलाई एउटा नयाँ यात्रा, गन्तव्य र अभियान तोकेर अघि बढेदेखिका करिब करिब ५४-५५ वर्षका नयाँ गन्तव्य तोकेर, आन्दोलन पुनःगठन गरेर हिंडेपछिका यी ५४-५५ वर्षहरुको याद छ । हाम्रो पार्टी महान् उद्देश्य, गौरवपूर्ण र सही उद्देश्य बोकेर स्थापना भएको थियो । पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, नारायण विलास जोशी र निरञ्जनगोविन्द वैद्य उहाँहरु चार जनाले कलकत्तामा कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो र मोतिदेवी श्रेष्ठलाई पनि उहाँहरुले संस्थापक हो भनेर केहीले मान्यता दिनुभयो भने केहीले उहाँ त्यहाँ हुनुहुन्थ्यो, त्यसकारण मान्यता दिन मिल्दैन भन्नुभयो। त्यो अहिले पनि एकखालको विवादको विषय छँदैछ । मूल संस्थापक पुष्पलाल भएको हुनाले पुष्पलालले मोतिदेवीलाई पनि संस्थापक मानौँ भन्ने तर्क राख्नुभएको हुनाले, एकजना महिला पनि संस्थापक हुनुहुन्थ्यो भन्दा राम्रै हुन्छ भनेर हामीले पुष्पलालजीको तर्कलाई मानेका छौँ । वास्तवमा चार जनाले कोलकत्तामा स्थापना गर्नुभएको थियो । अत्यन्त गौरवपूर्ण उद्देश्यहरु राख्नुभएको थियो। १५ सेप्टेम्बर १९४९ को वक्तव्यमा, घोषणामा ती कुराहरु स्पष्टरुपमा झल्किन्छन्। त्यति बेला भर्खर स्थापना हुँदै गर्दा, त्यो कलिलो अवस्थामा सामाजिक न्याय र समानताका कुराहरु, आर्थिक समानता र प्रगतिका कुराहरु, लोकतान्त्रिक परिपाटीका कुराहरु, जनताको सर्वोच्चता कायम भएको लोकतन्त्रका कुराहरु, वास्तवमा लोकतान्त्रिक गणतन्त्रका आधारभूत कुराहरुदेखि, त्यस गणतन्त्रले ल्याउनु पर्ने समानतासहितको समृद्धि, शान्तिपूर्ण समाज र सम्मानित जीवनसम्मका परिकल्पना त्यसभित्र रहेका छन्। यद्यपि त्यसको उपयुक्त ढंगले तत्काल व्याख्या हुन नसकेको होला। तर, सही ढंगले स्थापना भएका छन् । यसका पछाडि हाम्रा आदरणीय शहीद र अग्रज गंगालाल श्रेष्ठ, उहाँहरुका गतिविधिहरु देशभक्तिपूर्ण वामपन्थी र प्रगतिवादी रहेका देखिन्छन्। जो १९९७ सालमा मारिनु भयो। १९९७ सालमा जोगिएका टंकप्रसाद आचार्यजस्ता व्यक्तित्वहरु उहाँहरुले जुन स्थापना गर्नुभयो प्रजापरिषद्, उसैबेला १९९३ सालबाटै आन्दोलनले प्रगतिशीलताको बाटो लिएको, सामाजिक न्याय र समानताको बाटो लिएको र समृद्धिको गन्तव्य र समानताको गन्तव्य राखेको झल्को पाइन्छ ।

त्यसै विरासतमा १९९८ सालमा पुष्पलालको अगुवाइमा, यद्यपि त्यसबेला पुष्पलालको उमेर बहुतै कलिलो थियो। १७ वर्षको मान्छेले नेपाल लोकतान्त्रिक संघ, प्रजातान्त्रिक संघ भनेर स्थापना गर्नु चानचुने कुरा थिएन । तर, त्यो उमेर, अवस्था, राणा शाही व्यवस्था र अनेक कारणले १९९७ सालको दमनको झल्कोले त्यसलाई सफलतापूर्वक अगाडि बढाउन सकिएन । गंगालाल श्रेष्ठ हलुवाइ भन्ने नेताले, उहाँले २००३ सालमै पहिलो पटक लाल कम्युनिष्ट भनेर कम्युनिष्ट पार्टीको स्थापना गर्नुभएको थियो । त्यसलाई सफतापूर्वक अगाडि बढाउन सकिएन । यद्यपि त्यसको धुकधुकी पछिसम्म पनि बाँकी थियो तर त्यसलाई अगाडि बढाउन सकिएन।

त्यसपछि २००६ सालमा पुष्पलालको अगुवाइमा यस कम्युनिष्ट पार्टीको स्थापना भयो र त्यो निरन्तरता आजसम्म आएका छौँ। यद्यपि यस बीचमा हामीले तीन पटक ठूला पुनःगठनहरु गर्नु पर्‍यो । केशरजंग रायमाझीहरुले केन्द्रीय कमिटी, पोलिटब्युरोसमेतको बहुमत कब्जा गरेर सही धारलाई, देशभक्तिपूर्ण धारलाई र लोकतान्त्रिक धारलाई कमजोर पारेर कम्युनिष्ट पार्टीलाई दरबारमा राजाका पाहुमा चढाउनेखालका क्रियाकलाप गरेपछि त्यस बेला २०१९ सालमा विद्रोह भएको थियो। त्यस विद्रोहले केशरजंग रायमाझीहरुलाई परित्याग गरेर त्यसबाट एउटा पुनःगठित कम्युनिष्ट पार्टी अगाडि बढेको थियो। त्यो एउटा बहुतै सकारात्मक कदम थियो। यदि त्यहाँनिर विद्रोह गरेर अगाडि नबढेको भए फेरि मेजुरीटी कायम गर्छु भन्ने, लोभीपापीहरुका चरणमा पुर्‍याइसकेको पार्टी र बहुमतलाई फेरि फर्काएर ल्याउने, सामन्तवादको दलालीमा समर्पित भएको शक्तिलाई फेरि ल्याएर क्रान्तिकारी बनाएर चलाउँछु भन्ने कुरा हामीले देखेका छौँ। हाम्रै आन्दोलनबाट हामीसँगै हिंडेका कतिपय मान्छेहरु कुहिँदै झर्दै, फत्रक्कै झर्दै गरेको थियो । ती झरेकाहरुलाई फेरि ल्याएर क्रान्तिकारी बनाउन सकिंदैन, ती झरिसके। त्यस्तै हो, त्यसबेला पनि सकिंदैन्थ्यो। तर, त्यो आन्दोलन पनि छिन्नभिन्न भयो। तेस्रो महाधिवेशनपछि पुनःगठित आन्दोलन जुन थियो, त्यो पनि छिन्नभिन्न भयो।

हामीले अर्को आन्दोलन झापाबाट सुरु गर्‍यौँ । जसको गन्तव्य लोकतान्त्रिक गणतन्त्र थियो । जनवादी गणतन्त्र भनेर हामीले भनेका थियौँ। लोकतन्त्र र जनवाद भनेको त्यही कुरा हो। जनवादी गणतन्त्रको स्थापना भनेर नै आन्दोलन सुरु गरिएको थियो । सामाजिक न्याय, समानता कम्युनिष्ट पार्टीले अगाडि सारेका कुराहरुलाई नै अगाडि सारेर अझ त्यसलाई विकसित गर्ने प्रयासका साथ र अलिकति जुझारु ढंगले जानुपर्छ भनेर अर्को पुनःगठन हामीले गरेका थियौँ। गर्दै जाँदा हामीले एकीकरण गर्दै गयौँ, एकीकरण गर्दै गयौँ, आन्दोलन निर्माण गर्दै गयौँ, पार्टी विस्तार गर्दै गयौं, एकीकरण पनि गर्दै गयौँ र आन्दोलनलाई मजबुत बनाएर २०७५ सालमा आइपुग्दा २०७५ जेठ ३ गतेपछि हामीले कम्युनिष्ट पार्टीलाई देशको लगभग दुई तिहाइको शक्तिको रुपमा उभ्यायौँ । नेपालको इतिहासमा यति मजबुत शक्तिको रुपमा अहिलेसम्म कुनै पनि शक्ति, कुनै पनि पार्टी देखा परेको थिएन, जनताबाट अनुमोदित भएर यसरी आएको थिएन । कम्युनिष्ट पार्टी नै हो र हामीले नै त्यो गरेका थियौँ। तर, केही इर्ष्यालु मान्छेहरु, केही डाही मान्छेहरु र केही परिचालित कठपुतलीहरुको कारणले, उनीहरुको असहिष्णुताको कारणले, उनीहरुको इर्ष्यालु कारणले, उनीहरुको डाहाका कारणले कम्युनिष्ट पार्टीभित्र समस्या पैदा गर्ने, कम्युनिष्ट पार्टीलाई एकताबद्ध हुन नदिने, एकताबद्ध हुन नदिएर, अगाडि बढ्न नदिएर फेरि अर्को प्रकारको एउटा विवाद, सधैं विवाद र सधैं झमेलाको एउटा नीति अख्तियार गरेर अन्तिममा पार्टी फुटाएर छोडे। र, यस्तो समय आयो, दुई तिहाइमा पुगेको आन्दोलन, दुई तिहाइमा पुगेको पार्टीलाई टर्च बालेर खोज्दा पनि नेपालमा नभेटिने बनाइदिन्छौँ एमाले भनेर, एमालेमै बसेर अघाएका किर्नाजस्ता भएका टुम्मटुम्म परेकाहरु एमालेलाई खोज्दा पनि नभेटिने बनाइदिन्छु भनेर कुदे, शहीदका रगतहरुमाथि कुल्चिएर, योद्धाहरुका पसिनामाथि कुल्चिएर, जुझारु योद्धाहरुका आँशुमाथि टेकेर मजाक उडाएर उनीहरुले कम्युनिष्ट आन्दोलनमा निर्लज्जरुपमा तोडफोड गर्ने, सिध्याउने, ध्वस्त बनाउने, एमालेको त नाम नै सुन्न नहुने, एमाले त खोज्दा पनि नभेटिने गरी ध्वस्त बनाउँछौ भनेर भने। जो कोही १३ वर्ष नेतृत्वमा बसे, कोही १५ वर्ष यही पार्टीको नेतृत्वमा बसे र निर्लज्ज ढंगले यही पार्टी सिध्याउँछु भने । जुन आमाको कोखमा बसेर हुर्कियो, जुन आमाको दूध चुसेर हुर्कियो, त्यही आमालाई अस्तित्व पनि राख्दिन भनेर मार्न तयार हुने अपराधी प्रवृत्ति यिनीहरुमा हावी भयो । हामीले त्यस बेला भन्यौ, हामीले आन्दोलनलाई पुनःगठित गर्नु पर्‍यो। हामीले एकता चाह्यौ, एकीकरण चाह्यौ, आन्दोलनलाई मजबुत बनाउन चाह्यौ र हामीले एकता गर्‍यौ । जसलाई जति चाहिन्छ, त्यति मागे जति हिस्सा दिँदै गयौ। तर उनीहरुले त्यसलाई एकताका निम्ति होइन, परिवर्तनका निम्ति होइन, देशका निम्ति होइन, परिवर्तनका निम्ति होइन, पार्टी भाँड्न, फुटाउन, विभाजन गर्न र आन्दोलन ध्वस्त गर्नमा दुरुपयोग गरे । फेरि हामीले आन्दोलनलाई पुनःगठित गर्‍यौँ । उनीहरुले आन्दोलनलाई कमजोर पार्ने, ध्वस्त पार्ने हिसाबले गलत मनसाय र गतल उद्देश्यका साथ कब्जा गर्न खोजे। मैले त्यस बेला पनि भनेँ, जबसम्म बगिनी चुप्प लाग्न सक्छ, जबसम्म डम्मरुमाथि खतरा हुनसक्दैन, डम्मरुमाथि खतरा आयो भने बगिनीले झापु हान्छ, हामी पनि त्यसै गर्छौ। आन्दोलनमाथि खतरा आइपर्‍यो, आन्दोलनमाथि कसैले हमला बोल्न थाल्यो भने झापु हान्छौँ भनेर भन्यौ र हामीले पनि पुनःगठनमार्फत् झापु हानेर त्यस्ताहरुलाई अलग जान दियौँ । उनीहरुले आन्दोलनलाई समाप्त पार्न खोजेका थिए । त्यो षड्यन्त्र उनीहरुको सफल हुन सकेन । उनीहरुले पार्टी फुटाउन खोजे, निष्काशन गरे, कारबाही गरे सबै कुरा गरे। हामीले दोष के गरेका थियौ भन्दा यस आन्दोलनलाई पुनःगठित गर्दै जोगाउँदै अगाडि बढाएर लिएर आएका थियौँ, त्यही अपराध हो। दुई तिहाइको स्थितिमा नेपालमा कम्युनिष्ट आन्दोलनलाई पुर्‍याएका थियौँ । सबै शक्तिभन्दा अतुलनीय ढंगले अगाडि बढाएका थियौँ। त्यस अपराधमा उनीहरुले हामीहरुलाई दण्डित गर्न खोजे । दुई तिहाइको स्थितिमा पुर्‍याएपछि पार्टी ठीक भएन, नेतृत्व ठीक भएन, नीति ठीक भएन, नेतृत्वले आन्दोलनलाई ध्वस्त पार्ने भयो भनेर दुई तिहाइमा पुर्‍याएपछि उनीहरुले तथाकथित चिन्ता व्यक्त गर्दै आन्दोलन सिध्याउने कोसिस गरें। आन्दोलन हामीले बचाएर फेरि अगाडि बढायौँ । चौतर्फी हमला, आन्तरिक र बाह्य सबै प्रकारका हमला हामीमाथि केन्द्रित भए । हामीले सफलतापूर्वक सरकार चलाउने हाम्रो अभ्यास, एकपटक हामीले २०५१ सालमा अल्पमतको सरकार, जो नौ महिने सरकार भनेर परिचित छ । त्यसबेला अत्यन्तै सफलताका साथ सरकार चलायौ र लोकप्रिय सरकार चलायौँ । त्यसबेला मनमोहन अधिकारीजी प्रधानमन्त्री हुनुहुन्थ्यो । धेरै काम त गर्न सकिएन, किनभने समय छोटो थियो। हामी अल्पमतमा थियौँ। संसद प्रतिपक्षीले भरिभराउ थियो, हाम्रो स्ट्रेन्थ लगभग एक तिहाइको आसपासमा थियो। त्यसो भएको हुनाले हामीले चाहे जसरी काम गर्न सक्ने अवस्था थिएन। तर पनि हामीले लोकप्रिय कामहरु गर्‍यौ। किन आत्तिए भन्दा त्यो लोकप्रिय कामहरुले हामीप्रतिको आकर्षण यस्तो बन्यो कि हामीले सहजै बहुमत ल्याउने स्थिति बन्यो । त्यसकारण हामीलाई सरकारबाट हटाउने काम भयो।

पछि संविधान निर्माण गर्ने कुरामा हामीले अगुवाइ गर्‍यौँ। वैचारिक र व्यवहारिक ढंगले संविधान निर्माण गर्दा पनि हामीले अगुवाइ नै गर्‍यौँ। र, संविधान निर्माण भएपछि त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा हाम्रै नेतृत्वमा सरकार बनेपछि हामीले ऐतिहासिक कामहरु गर्‍यौ, उलटफेर कामहरु गर्‍यौ र तत्काल हामीलाई नाकाबन्दी लाग्यो । त्यसको हामीले डटेर सामना गर्‍यौँ। अनुचित कुराको सामना गर्न हामी डराएनौँ। तत्काल हामीले दृढताका साथ सामना गर्‍यौँ । छिमेक सम्बन्धलाई नयाँ शिरा र ढंगबाट असमानताको आधारमा होइन, समानताको आधारमा, असम्मानित ढंगले होइन, सम्मानपूर्ण ढंगले छिमेक र अन्तर्राष्ट्रिय सम्बन्धलाई पनि परिभाषित गर्‍यौ र त्यस

# अब नेपाल अगाडि बढ्यो–बढ्यो...

ढंगले राष्ट्रको मर्यादा र गरिमा माथि उठाएर हामी अगाडि बढ्यौँ । हामी भूपरिवेष्ठित थियौ, भूपरिवेष्ठितबाट अर्कोतिर पनि हामीले बाटो खोल्यौ र भूजडित गर्‍यौँ । विभिन्न नाकाहरु खोल्यौँ, बाटाहरु बनाउन थाल्यौँ । यसरी विभिन्न कामहरु गर्‍यौँ । हामीले ट्रान्सपोर्ट पारवहन सम्झौता गर्‍यौँ र चीनको बाटो पनि प्रयोग गरेर हामीले दुर्गम क्षेत्रमा लाने व्यवस्था पनि गर्‍यौँ । हामीले विकासका कामहरु गर्‍यौँ, सामाजिक क्षेत्रका कामहरु गर्‍यौँ । सडकमा हाम्रा बालबालिका, छोराछोरी खाते भएर रहन सक्दैनन् भनेर बालबालिकालाई सडकबाट उठाएर राम्रो आश्रयस्थल र पढ्ने पढाउने व्यवस्थामा पुर्‍यायौँ । सडक मानव सुहाउँदो कुरा होइन, त्यसलाई हामीले उठायौँ, त्यो अवस्थालाई हामीले अन्त्य गर्‍यौँ । त्यसै गरेर भीखमंगा शोभनीय कुरा होइन, नेपाल भीखमंगाको देश होइन भनेर सडकमा भीखमंगा नरहने स्थिति बनायौँ । अनेक सामाजिक कामहरु र सामाजिक न्यायका कामहरु गर्‍यौँ । हामीले २०५१ सालमा एक सय रुपैयाबाट थालेको सामाजिक सुरक्षा भत्तालाई वृद्धि गर्‍यौँ । यी सबै कामहरु हामीले गर्‍यौँ । राष्ट्रिय सम्बन्ध, छिमेक सम्बन्ध, परराष्ट्र सम्बन्ध, आर्थिक उन्नती, सामाजिक न्याय, सामाजिक उत्तरदायित्व, महिलाहरुको सम्बन्धमा, बालबालिकाहरुको सम्बन्धमा, ज्येष्ठ नागरिकहरुको सम्बन्धमा, अपाङ्गता भएका व्यक्तिहरुको सम्बन्धमा समेत हामीले दृष्टि पुर्‍यायौँ । मान्छेहरु आतंकित भए । विकासमा त्यतिकै छ, सामाजिक समानता र न्यायको क्षेत्रमा त्यतिकै छ । हामीसँग सामना गर्न सकिन्न भन्ने भएपछि आतंकित भएर हामीलाई सरकारबाट हटाए । जालझेल त्यो पनि गठबन्धनभित्रै, हाम्रो समिकरण भित्रै भएकाहरुले, हामीसँगै भएकाहरुले, हाम्रै पार्टीका नेता भनिएकाहरुले अगुवाई गरेर त्यस सरकारलाई विस्थापित गरे । फेरि हामीले चुनावमा शान्दार परिणाम लियौँ र फेरि दुई तिहाइ बनायौँ र विकास निर्माण, अन्तर्राष्ट्रिय सम्बन्धदेखि विश्व बैंकले हामीलाई भन्यो दक्षिण एसियामा नेपाल उदाउँदो नक्षत्र हो, यो राइजिङ स्टार हो, यसको गति, विकासको रफ्तार, यसको आर्थिक वृद्धिदर विश्वका दशवटा देशभित्र एउटा देशमा पर्छ भनेर निकाल्यो । हामीले ७ प्रतिशतभन्दा माथि विकासको दर उठाएका थियौँ र अगाडि बढाएका थियौँ । विरोधीहरु आतंकित भए । विरोधी त आतंकित भएभए तर छद्म रुपमा पार्टी आन्दोलनभित्रै घुसेका स्वार्थी, इर्ष्यालु र डाही तत्वहरुलाई भोक, प्यास र निद्रा लाग्न छोड्यो । ती छटपटाउन थाले तर तिनले आन्दोलनलाई ध्वस्त पार्ने संकल्प गरेर अगाडि बढें । तर हामीले ध्वस्त पार्न दिएनौँ, आन्दोलनलाई फेरि बचाएर अगाडि बढाएका छौँ ।

म हाम्रा साथीहरुलाई भन्न चाहन्छु, हामी सबैले गर्व गर्नुपर्दछ कि हामीले यत्रो हमला, यत्रो घेराबन्दी, यत्रो आक्रमण, यति चरित्र हत्या गरेर बद्नाम गर्न खोज्दा पनि हामी टिकेका छौँ, जनताका बीचमा गएका छौँ, जनताको विश्वास जितेका छौँ । अहिले पनि नेकपा (एमाले) देशको सबैभन्दा लोकप्रिय पार्टीको रुपमा स्थापित छ । सिध्याउँछु भन्दा पनि पपुलर भोटका हिसाबले सबैभन्दा बढी मत हामीले अहिले पनि प्राप्त गरेका छौँ । अथवा सिध्याउँछु भनेर नेकपा (एमाले) सिद्धिने रहेनछ । यसका महान् उद्देश्यहरुको कारणले यो सिद्धिदैन र सिद्धिन सक्दैन । यसका महान् उद्देश्यप्रति नेतृत्वको दृढता, पार्टीपंक्तिको दृढताका कारणले यो सिद्धिदैन । यसलाई पूरा गरी छोड्ने हाम्रो साझा संकल्प यसकारण यो आन्दोलन सिद्धिदैन । यो आन्दोलन जीवित रहन्छ । यो सकंल्पलाई पूरा गर्नका लागि हामीसँग जुन सक्रियता छ, त्यो संकल्प गरेर हामी निष्क्रिय बसेका छैनौँ । हामी सक्रिय छौँ, यो सक्रियताका कारणले हाम्रो आन्दोलन समाप्त हुन सक्दैन र कमजोर पनि हुन सक्दैन भन्ने कुरा पुष्टि भएको छ । त्यस्तो परिस्थितिमा दुईदुई पटक पार्टी फुटाउँदा, एमाले सिध्याउँछौँ भन्ने कत्रो दुष्साहस ! जोजो ले पार्टी बनाए, तिनीहरुलाई नै पार्टीबाट निष्काशन ! जसले आन्दोलन सुरु गरे, तिनीहरुलाई नै पार्टीबाट निष्काशन ! यस्तो दुष्साहस गरेर जाँदा पनि हामीले आन्दोलनलाई जोगाएका छौँ, जोगाएका मात्रै होइन, अस्तित्वको लडाइँमा होइन, हामी विजयका निम्तिका प्रयासमा छौँ । हामी अस्तित्वको लडाइँमा होइन, विजयको यात्रामा छौँ । त्यसैकारण हामीले हाम्रो यस आन्दोलनलाई, हाम्रो पार्टीलाई, हाम्रो राष्ट्रिय शक्तिलाई मिसन ०८४ मार्फत् देशको निर्णायक राष्ट्रिय शक्तिको रुपमा विकास गर्ने घोषणा गरेका छौँ, संकल्प गरेका छौँ । त्यसका निम्ति सक्रिय प्रयासहरुलाई हामीले अगाडि बढाएका छौँ । त्यसकारण म साथीहरुलाई आग्रह गर्न चाहन्छु, कुनै प्रकारको द्विविधा मनमा नलिनुस् । आत्मविश्वास, राणा शासनसँग जुधेर बाँचेर आएको पार्टी हो, पञ्चायतसँग जुधेर बाँचेर आएको पार्टी हो र निरङ्कुश राजतन्त्रसँग जुधेर, निरङ्कुश राजतन्त्रलाई रछ्यानमा पुर्‍याएर, मिल्क्यार आएको पार्टी हो । सबै शक्ति एकजुट भएर हामीलाई फुटाएर, टुक्राएर सिध्याउँछु भनेर हमला केन्द्रित गर्दा पनि जोगिएर आएको पार्टी हो । जोगिएर मात्रै होइन, प्रमुख शक्तिको रुपमा, प्रमुख हैसियतमा स्थापित भएको पार्टी हो । त्यसकारण यो पार्टीले जित्दैन कि, यसले गरेको घोषणा पूरा हुँदैन कि भन्ने आशंका मनमा नलिन र आत्मविश्वासका साथ अगाडि बढ्न म कार्यकर्तापंक्तिलाई आग्रह गर्न चाहन्छु ।

जनताले बुझेको छ । हामी झुलाघाट-चिवाभञ्ज्याङ यात्रा गर्‍यौँ, मध्यपहाडी बाटोबाट । हामीले देख्यौँ, जनताको उभार, जनताको समर्थन नेकपा (एमाले)को पक्षमा छ । अनेकले मेची-महाकाली यात्रा गर्छु भने, मेची-महाकाली यात्रा गरेर अलिक पर पुगेपछि चक्कामा हावा खुस्कियो, के को मेची-महाकाली यात्रा ! अलिक परतिर पुगेपछि चक्काको नटबल्टु खुस्कियो, अलिक पर पुगेपछि इन्जिन नै गयो । हामीले कतिपटक मेची-महाकाली, महाकाली-मेची, पहाडबाट, दुर्गमबाट, डाँडैडाँडा, मैदान नै मैदान यात्रा गरेका छौँ र अब पनि यात्रा गर्नेछौँ र दुनियाँ आश्चर्यचकित भएको छ, हाम्रो राष्ट्रिय र सफल अभियानले । हामीले २०७४ को चुनावभन्दा अगाडि मेची-महाकाली यात्रा जुन गर्‍यौँ, त्यसले असाधारण उत्साह ल्यायो । मेची-महाकाली २०७३ फागुन २१ गतेबाट सुरु गरेका थियौँ । त्यति बेलाको जनउभार हामीलाई थाहा छ । फेरि पनि हामी गर्नेछौँ । देशले देख्ने छ, दुनियाँले देख्ने छ कि मेची-महाकाली एमाले यात्रा कस्तो हुन्छ भनेर, राष्ट्रिय जागरण यात्रा कस्तो हुनेछ भनेर दुनियाँले देख्ने छन् । बीचमा सुरु गर्दा सोलीको टुप्पोजस्तो भएर सुरु गर्‍यो, पछाडि सोलीको फेदजस्तो भएर अलिक पर पुग्दा सिद्धिन्छ अनि टुंग्यायो अनि हिंड्यो, फेरि सुरु गर्‍यो, खण्डखण्ड यस्तो होइन । नेकपा (एमाले)ले बेग्लै ढंगले अभियान चलाउँछ । म कता कता देख्छु, साथीहरुमा आत्मविश्वासको कम भएको हो कि जस्तो । एकताको भावना र प्रवृत्ति हामी कहाँ छौँ, के गर्दैछौँ र किन गर्दैछौँ भन्ने कुरा अलिक बिर्सिन खोजेको हो कि, हाम्रा महान् उद्देश्यहरु बिर्सिन खोजेको हो कि, हाम्रो गन्तव्य बिर्सिन खोजेको हो कि, साथीहरुलाई नेतृत्वप्रति विश्वासमा केही कमी आएको हो कि जस्तो । हामीले जेलनेल खटेर, संघर्षका मैदानमा, कामका दौरानमा, नीति निर्माणको तहमा अथवा अभियानमा हरेक ठाउँमा परीक्षा मात्रै होइन, अग्नी परीक्षा दिएर आएका छौँ । फेरि पनि साथीहरुमा धरमर हुने ? हाम्रा नीतिहरुप्रति सही छन् र जस्तो लाग्ने ? भनेका बेला एउटा पद पाएन भने असन्तुष्ट भएर पार्टीप्रति टिप्पणी गर्न थाल्ने ? यी खालका कुराहरु हाम्रो साथीहरुमा हुनुहुँदैन, कुनै प्रकारको कमीकमजोरी हामीले देखाउनु हुँदैन । हामीले द्विविधा कुनै मनमा लिनु हुँदैन, हाम्रो आत्मविश्वास डग्न दिनु हुँदैन र कमजोर हुन दिनु हुँदैन ।

हामीले थाहा पाउनु पर्छ-यो वर्ग संघर्ष हो । यो अलिक निर्मम हुन्छ । हामीमाथि कति निर्मताका साथ प्रहार गरेका छन् । तर हामी त्यसको बदलाका हिसाबले सोचिराखेका छैनौँ । हामी राष्ट्रनिर्माण गर्ने हिसाबले सोचिराखेका छौँ र सकेसम्म हाम्रो विरोधी भरसक कोही नहोस्, सबै राष्ट्रनिर्माणको हाम्रो नीतिमा सहमत होउन् र स्वच्छ ढंगले चलुन् ।

राजनीति हिजोको जस्तो मात्रै छैन । आजको अन्तर्राष्ट्रिय नीति र ग्लोबल अर्डर हेर्‍यौँ भने त्यसले देखाउँछ, त्यहाँ एउटा सिद्धान्तको कुरा, नीतिको कुरा, वैचारिक हिसाबले नीति निर्माण गर्ने त्यो अवस्था होइन कि कमाइको प्रतिस्पर्धामा दुनियाँ लागेको देखिन्छ । कमाई सबैभन्दा ठूलो कुरा हो, थिति, विधिभन्दा पनि कमाइ ठूलो कुरा हो भन्ने हिसाबले चल्न खोजेको देखिन्छ । यो कतिलाई त्रासदीपूर्ण लाग्न सक्छ । यो विकासक्रमको एउटा गतिको नियम हो । यस्ता उचारचढावहरु आउँछन् । यस्ता झोका र झड्काहरु आउँछन् । यस्ता उवरखाडरहरु आउँछन् । यस्तै उवरखाडरहरुबाट क्लास स्ट्रगल मजबुत हुँदै जान्छ । हिजो क्लास स्ट्रगलको जुन स्वरुप थियो, त्यो स्वरुप आज बदलिएको छ । त्यसैकारण आज हामीले जनताको बहुदलीय जनवाद किन अपनायौँ ? यसकारण कि एकैनासको सङ्घर्ष छैन, एक ठाउँ र अर्को ठाउँमा पनि मिल्दैन, आफ्नो परिस्थितिअनुसार नै हुन्छ । एक समय र अर्को समयमा मिल्दैन । त्यति बेलाको समयअनुसार नै हुन्छ । त्यस समयले निर्धारण गरेका सीमा र समाजका चरित्र अथवा विभिन्न वर्गहरुको अवस्था, अवस्थिति र चरित्रहरुले निर्धारण गरेको हुन्छ । आज धेरै कुराहरु फेरिएका छन् । यो बदलिएको परिस्थितिमा हामीले अत्यन्तै सचेतनताका साथ सही विश्लेषण, सही निष्कर्षका साथ सही नीतिनिर्माण गर्नु पर्दछ । ती नीतिका आधारमा सही निर्णय गर्नुपर्दछ, सही कार्यान्वयन गर्दै अगाडि बढ्नु पर्दछ र यत्रो हमला गरेको बेला साथीहरुलाई आश्चर्य लाग्दैन ? दुनियाँले यत्रो हमला गरेको छ, केपी ओली बिनाको एमाले खोजेको छ । किन खोजेको होला केपी ओली बिनाको एमाले ? तिनको मनसाय सही भएको भए त म सरक्क छोडिहाल्थे नि । हाम्रै देशका लागि हो त ? हाम्रै पार्टीका लागि हो त ? तसर्थ, केपी ओली बिनाको एमाले र एमाले बिनाको नेपाल चाहियो अरे उनीहरुलाई ! हामी चुनौतीका साथ भन्छौँ, मिसन ०८४ मा हेरौला, एमाले बिनाको नेपाल हुन्छ कि के के बिनाको नेपाल हुन्छ । नेकपा (एमाले) यस्तो शक्ति हो, जसलाई यत्रो महाप्रलयका साथ हमला गर्दा सकिएन त, प्रमुख पार्टीको रुपमा आयो त, अझै बुझ्नु पर्दैन ? अझै पनि ट्याइँट्याइँ गर्छन् । भुइँफुट्टाहरुले राजनीति कसरी गर्न खोजेका छन् देख्नुभएन ? राजनीति गर्नेहरुले राजनीति गर्नु हुँदैन अरे ! माझीलाई ढुंगा चलाउन नदिने, म चलाउँछु भनेर बगाइदिने, घोप्टाइदिने, डुबाइदिने । ड्राइभरलाई गाडी चलाउन नदिने, सिक्दै नसिकेका मान्छेहरुलाई यसले चलाएन, यो बुढो ड्राइभर यसले पहिलेदेखि चलाएको छ, २० वर्ष भयो चलाएको, कहाँ पाउँछ ? अब म सिटमा बसेर चलाउँछु भन्छ, कहिल्यै चलाएको छैन, त्यसले के हुन्छ ? त्रिशुलीमा खसाल्दैन ? त्रिशुलीमा पुर्‍याउँदै पुर्‍याउँदैन, यही परतिर खसालिहाल्छ । त्यस्ताहरुलाई जिम्मा दिन सकिन्छ ? जसले मेसिन चलाएको छैन, उसले मेसिन चलाउने ? सेफलाई खान बनाउन नदिने, अनि अनाडी कहिल्यै आमाले बनाएको चिया बाहेक आफूले एककप चिया बनाएर पनि नखाएकाले म खाना बनाउँछु भनेर, चामल पनि डडाउँछ, दाल पनि डडाउँछ, तरकारी पनि डडाउँछ, नुन पनि हाल्दैन, बेसार नै बेसार बनाउँछ, त्यो काम लाग्छ ? हामीले नयाँ पनि देख्यौँ । अब नयाँ पनि देखिए र फेरि हामीले फालीसकेका सयौ वर्ष अन्धारमा राखेर जनतालाई बुटले कुल्चिएका प्रतिगामी शक्तिहरु अहिले प्रतिगामी शक्तिहरु, फेरि प्रतिक्रियावादी शक्तिहरु, फेरि प्रतिगमन गरेर आउन खोजिराखेका छन् । कत्रो आँट होला ! २१ औं शताब्दीमा श्रीपेच लगाएर बस्ने अरे ! महाराजधिराज भएर जनतालाई हुकुम दिने अरे ! जनताभन्दा माथि, संविधानभन्दा माथि, देशभन्दा माथि, १५ गते यिनीहरु नाङ्गिए । अलिक अप्ठ्यारो पर्‍यो भने हामीले खोजेको त संवैधानिक राजतन्त्र ! संविधान नमान्ने, कानुन नमान्ने, लोकतन्त्र नमान्ने, अनि खोज्ने के, संवैधानिक अरे ! संविधान नमानेर संवैधानिक खोज्ने ? संविधान नमान्ने, संवैधानिक खोज्ने ? जनताले भनेको नमान्ने, जनताले बनाएको संविधान नमान्ने, जनताले ल्याएको लोकतन्त्र नमान्ने, जनताको प्रणाली नमान्ने, जनताको सार्वभौमसत्ता नमान्ने, जनताको सर्वोच्चता नमान्ने, जनता शक्तिका स्रोत हुन् भनेर नमान्ने, अनि जनताको चाहनाअनुसार भन्ने । अनि पैसा तिरेका चारवटा गुण्डा शहरमा उतारेर आगो लगाउन लगाएर, मान्छे मार्न लगाएर, तोडफोड गर्न लगाएर, पार्टी कार्यालयमा तोडफोड गर्न लगाएर, व्यक्तिका घरहरु तोडफोड गर्न लगाएर, व्यापार विजनेशमा आक्रमण गर्न लगाउने, अनि देश बिग्रियो, हामी सर्पान आउँछौँ, मलाई साथ देउ, म अगाडि बढ्छु भनेर आह्वान् गर्ने । अस्ति २०५८ सालमा ज्ञानेन्द्र शाहका हातमा शासन पुग्दा हामी सबैलाई थुने, अहिले प्रेसवालाहरु के भन्दैछन्, म बुझ्दिनँ । त्यति बेला त समाचार भन्नेका पछाडि आर्मी उभिएर समाचार भनेको होइन ? प्रेसमा साँचो लगाउन गएको होइन ? समाचार बन्द गरिएको होइन ? टेलिफोनको लाइन काटेर होइन, तार काटेको थियो । कस्तो लाइन काटेपछि त सिद्धियो नि, तार काटेर कहाँ गएको ? अहिलेसम्म तार ज्ञानेन्द्र शाहले फिर्ता गरेका छैनन् । कहाँ लगेको हो, कहाँ लगेको हो । अनि फेरि राजतन्त्र चाहियो ? हामीले अस्ति देखेका छैनौँ, २०५८ देखि २०६२ सम्म ? यो भुलभुलैयामा नपरौँ, यस्ता शक्तिहरु हाम्रो सुदृढ एकता र हाम्रो एमाले जस्तो गर्जन नपुगेर यिनीहरु सल्बलाउन थालेका हुन् ।

नयाँ शक्ति भनेको छ, नयाँ शक्तिको अब तमासा देखिएन ? कोही प्रहरी कुल्चिएर गाडी गुटुटु लिएर जान्छन् पागल हो कि, सद्दे हो कि ? राज्यको ड्युटी गर्न उभिएको प्रहरीमाथि मार्न गाडी लिएर जाने ? यिनीहरुको प्रभोकेशनलाई हामी सहेका छौँ तर सहनुको एउटा हद हुन्छ । जब जनतालाई अवमूल्यन गरिन्छ, हेपिन्छ तब सहने कुराको हद हुन्छ भन्ने कुरा म चेतावनी पनि भन्न चाहन्छु ।

अब हामी सुशासन र विकासको बाटोमा अगाडि बढेका छौँ । सजिलो छैन । धेरैतिर बिग्रिएको छ । बिग्रिएकोलाई सच्याएर अगाडि बढ्न, सपारेर अगाडि बढ्न सजिलो छैन । त्यही अप्ठ्यारो काम हामी गरिराखेका छौँ र गर्न खोजिराखेका छौँ । नौ महिना अगाडि हामीले सरकार जिम्मा लिंदा देशको अर्थतन्त्र अस्तव्यस्त र ध्वस्तको अवस्थामा निकै ओरालो लाग्दो अवस्थामा थियो । त्यो ओरालो लागेको अवस्थाबाट ब्रेक हान्दैहान्दै ल्याएर यो वर्ष बढीमा हामीले ठीक ठाउँमा ओरालो लाग्ने क्रमलाई रोकेर अब सकारात्मक बाटोमा फर्काउन हामी नयाँ बजेट ल्याउँदै छौँ, नयाँ नीति कार्यक्रम ल्याउँदै छौँ र त्यस ढंगले अगाडि बढ्छौँ ।

अहिले एकजना मन्त्रीले राजीनामा दिनुभयो भन्ने खुब प्रचारवाजी छ । किन दिनुभयो अरे भन्दा प्रधानमन्त्रीले बसिखानै दिएन अरे ! मैले बनाएको मन्त्री, मैले काम लगाइराखेको छु, सहयोग गरिराखेको छु, सिकाइराखेको छु, उहाँले अस्ति भर्खर पनि घाँटीको अप्रेशन गर्नुभयो, स्वास्थ्य पनि ठीक भएन । शिक्षा मन्त्रालय धेरै ठूलो मन्त्रालय छ । सजिलो पनि छैन । त्यसो भएर उहाँले स्वास्थ्यको कारण देखाउनुभएको छ । स्वास्थ्यको कारणले उहाँले काम गर्न सक्नुभएन, तर आजको अखबार हेर्नु पर्छ, सबैको हेडलाइन मेराविरुद्ध ! यो त आश्चर्यको पनि यस्तो अनौठो आश्चर्य लाग्छ, यस्तो दुश्मनी के कारणले हो ? सबैले एकै ठाउँमा बसेर सल्लाह गरेर लेखेको जस्तो गर्छन् । मानिलिऔँ, प्रस्ताव राखेर पारित नै गरेर यही लेख्ने भनेर लेखेको जस्तै । सबैको टेलिफोन संवाद भएर योजनाबद्ध ढंगले लेखेका छन्, आज सबै पेपरका हेडलाइन हेर्नुस् । सरकारले असहयोग गरेर कही कही ठाउँमा लेखेको होला । नत्रभने प्रधानमन्त्रीले असहयोग गरेर, प्रधानमन्त्रीसँगको मतभेदबाट भनेर लेखेका छन् । धेरैलाई लागेको छ, कोही कोही नयाँ शक्तिहरुले त भनेछन् पनि, 'शिक्षामन्त्रीको राजीनामा आयो, प्रधानमन्त्रीको आउनु पर्दथ्यो' भनेर । प्रधानमन्त्रीको राजीनामा मैले भन्ने गरेको छु त, १५ महिनापछि आउँछ भनेर । हाम्रो नेपाली कांग्रेससँग सहमति नै छ, १५ महिनापछि राजीनामा मैले गर्छु, शेरबहादुरजी प्रधानमन्त्री हुनुहुन्छ । यसमा स्पष्ट नै छ, १५ महिना पर्ख न मेरो राजीनामा हेर्ने मन छ भने, पर्ख पर्ख...१५ महिना पर्ख । मैले १५ महिनापछि राजीनामा गर्छु, शेरबहादुरजी प्रधानमन्त्री हुनुहुन्छ । पत्रिकालाई अरु नै बनाउन मन होला, १५ महिना त्यस्तै हो । आरजुजीको एउटा मिटिङ थियो, शेरबहादुरजी स्वास्थ्य परीक्षणका लागि बैंकक जानुभयो, वाह ! मन्त्रीको राजीनामाको कुखुराको चल्लाहरुले सानो फट्याङ्ग्रो पाए भने एउटा चल्लाले ट्याप्प समातेर कुद्छ, के खान आँट्यो यसले भनेर त्यसका पछि सबै कुद्छन् । अहिलेको मिडिया पनि त्यस्तै भएको छ, एउटाले ट्याक्क टिपेर कुद्छ, के लग्यो चुच्चोमा खान आँट्यो भनेर सबै त्यसका पछि कुद्छन् के के न भेट्याए भनेर । शेरबहादुरजी स्वास्थ्य परीक्षणका लागि जानु भयो । अनि शेरबहादुरजीले कांग्रेस र एमाले मिल्नु हुँदैन भनेर भन्ने मान्छे खोज्न जानुभएको हो बैंकक ? त्यस्तो मान्छे यहाँ भेट्याएको छैन ? यहाँ त्यस्ता कुरा सुनेका छैन ? हामी साथ दिन्छौँ, हामी सहयोग गर्छौं, तपाईं नै सरकार चलाउनुस्, तपाईं नै प्रधानमन्त्री हुनुस् । ए बाबा ! १४/१५ महिना पर्खिनुस् न भनेको । उहाँलाई नै बनाउने हो, त्यति बेला उहाँलाई साथ दिनुस्, सहयोग गर्नुस् न । अहिले पनि साथ दिनुस्, पछि उहाँ पनि बन्नु हुन्छ भनेर साथ दिनुस् न, भैगो नि ! हल्ला चलाएका छन्, शेरबहादुरजी आएपछि के हुन्छ...?

नेपालमा प्रतिगमन हुनेवाला छैन । अब यसो प्वालबाट निस्किएर पिर्टिटिटि उडेका छिचिमिराहरुको जमाना आउँछ कि भन्ने नसोचे हुन्छ । केही आउनेवाला छैन । देश नेकपा (एमाले)ले भनेको गन्तव्यतिर अगाडि बढ्छ । अस्ति असार १७ गते बिहान छक्क परे, १७ गते राती सबै छक्क परे । सिध्याउँछौँ भनेको एमाले, सिध्याउँछौँ भनेको केपी ओली प्रधानमन्त्री पो हुने भयो भनेर । के भएको यो ? दुनियाँ लाग्दा पनि फेरि केपी ओली प्रधानमन्त्री, फेरि एमाले सरकारमा ! भनेर छक्क परे । सरकारको नेतृत्व एमालेले गरेको छ । दुनियाँले सोचेको थियो, तीन वर्ष अगाडि उही दिन, जुन दिन छोडेर हिंडेको थियो, त्यही दिन तीन वर्षभित्र संवैधानिक बाटोबाट फेरि फर्किएर नेकपा (एमाले) आएको छ । फेरि पनि नेकपा (एमाले) आफ्नो सुकर्महरुमार्फत्, सुविचारमार्फत्, सुनीति, सुव्यवहार, सुआचरण, सुगन्तव्य र सुसंकल्पमार्फत् अगाडि बढ्छ र सफलता प्राप्त गर्दै अगाडि बढ्छ । ७६ वर्ष पूरा भएर ७७ वर्ष लागेका दिन नेकपा (एमाले)को तर्फबाट, नेपालमा प्रगति चाहने नेपाली जनताको तर्फबाट म यो उद्घोष गरिराखेको छु ।

यहाँको प्रगतिवादी आन्दोलनलाई, यहाँको लोकतन्त्रवादी आन्दोलनलाई, यहाँको गणतन्त्रात्मक लोकतान्त्रिक आन्दोलनलाई कसैले पनि समाप्त पार्न सक्दैन । अब नेपाल अगाडि बढ्यो बढ्यो, यसको ग्यारेन्टी नेकपा (एमाले) यस देशमा छ, नेकपा (एमाले)ले सबै समस्याको समाधान दिंदै अगाडि बढ्ने छ । यस देशमा एमाले छ । कुनै कलिलो र काँचो एमाले होइन । ७६ वर्ष पूरा गरेर ७७ वर्षमा प्रवेश गर्दै गरेको एमाले छ ।

कतिपयलाई मेरो उमेरको चिन्ता छ, कतिपयलाई मेरो स्वास्थ्यको चिन्ता छ । स्वास्थ्यको चिन्ता पोहोर परार म बिरामी थिए । पोहोर परार बिरामी थिए, अहिले बिरामी छैन । अब मलाई बुढै देख्न मन छ भने २०-२५ पर्खिनुस् न बाबा ! पर्खिनुस् न, बुढो नभइकन मान्छे रहनै सक्दैन नि, बुढो त भइहाल्छ । २०-२५ वर्ष पर्खिनुस् न । किन हतार ? हतार गरेर हुन्छ ? २५-३० वर्ष पर्खिनुस् । अहिले त मेरो बुबा हिंड्दै हुनुहुन्छ लौरो नटेकीकन । मलाई बुढो देख्ने, के भएका आँखा होलान् ! मेरो बुबालाई भने हुन्थ्यो बरु । मेरो उमेरका कुरा, स्वास्थ्यका कुराको बारेमा एकदिन हाफम्याराथुन राखौँ कि क्या हो ?

हामी एउटा दह्रो मिसन बोकेर हिंडेका छौँ, जबसम्म सक्छौँ तबसम्म गर्छौं । जबसम्म यस मिसनलाई बोक्न सक्छौँ, तबसम्म कन्जुस्याइँ नगरी बोक्न सक्छौँ । जब सक्दैनौँ, बाँकी साथीहरु आउनु हुन्छ । हिजोका साथीहरु बितेर जानुभयो, हामीले थामेर अगाडि बढाएका छौँ । हामीपछि अरु साथीहरुले थामेर अगाडि बढाउनु हुन्छ । किनभने हामीसँग बुद्धले भनेको जस्तै उहाँको दिवंगत हुने बेलामा, उहाँको निधन हुने बेलामा उहाँको वरिपरी भिक्षुहरु, भक्तहरु, अनुयायीहरु बसेर आँशु खसाउँदै सोधे, बुद्ध अब तपाईंको शेषपछि के होला ? बुद्धिज्म के होला ? बुद्धले भने, मेरा विचारहरुले मलाई बचाउने छन्, मेरा विचारले मेरा विचारहरुलाई बचाउने छ । तिनीहरुलाई अनुशरण गर्दै तिमीहरु अगाडि बढ । विचारले बचाउने हो । नेकपा (एमाले)लाई विचारले संगठित, पुनःगठित र फेरि पछारियो भने फेरि उठेर धुलो टक्टक्याएर अगाडि बढेको छ । यो मर्दैन, यो विचारका कारणले यसका महान् उद्देश्यको कारणले अगाडि बढ्छ । कार्लमार्क्सले त्यसैकारण भन्नुभएको थियो, पेरिस कम्युन अहिले दबेको होला, तर पेरिस कम्युन जसका उद्देश्य जबसम्म पूरा हुँदैनन्, फेरि पटक पटक दुनियाँका भागहरुमा प्रकट भइरहने छ । पेरिस कम्युन आज नेपालमा अझ मजबुत र अझ बलियो भएर प्रकट भएको छ । यसका उद्देश्य जबसम्म पूरा हुँदैनन्, यो ठाउँठाउँमा प्रकट भइरहने छ, यो सही कुरा हो । अन्त कतिपय ठाउँमा अप्ठ्यारोमा होला, कतिपय कारणहरु होलान्, कतिपय कमिकमजोरीहरु होलान्, हामी ती कमिकमजोरीहरु पनि हुन दिंदैनौँ, कारण हुनसक्छ तर तिनको समाधान पनि छ । हामी समाधान दिएर अगाडि बढ्छौँ । त्यसकारण हाम्रो आन्दोलन कमजोर हुँदैन । यो विश्वासका साथ अगाडि बढ्न म साथीहरुलाई हार्दिक आग्रह गर्दछु । हामी जेलमा हुँदा गाउन्थ्यौँ, वी स्याल ओभर कम सम डे भनेर, हामी जित्ने छौँ एकदिन भनेर गाउन्थ्यौँ । हामीले त जितेका छौँ, अझै ठूला जितहरु हासिल गर्दै जानेछौँ, झन् ठूला जितहरु हासिल गर्दै जानेछौँ । त्यो गीत हामी जित्ने छौँ एकदिन, हाम्रा लागि पुरानो भइसक्यो । हामी जित्ने छौ भनेर जेलमा बस्दा गाउन्थ्यौँ । भूमिगत हुँदा हामी गाउन्थ्यौँ । आज त हामी सेल्टरको किताब लेख्दैनौँ, सेल्टर हामी आज भोगिराखेका छैनौँ । आज अर्को परिस्थिति सिर्जना भएको छ । कतिपय साथीहरुले बडो भावुक भएर भन्नुहुन्छ, ओहो ! यस्ता पो कम्युनिष्ट थिए भनेर । हो, त्यस्तै कम्युनिष्ट थिए र पो आज यो दिन आयो । हामीले त्यस्तै कम्युनिष्टबाट ल्याएका हौँ । अरु दन्त्य कथाको पात्र होइन, लेख्ने मान्छे त यहीँ हुनुहुन्छ । सेल्टर लेख्ने मान्छेहरु, ती दिन भोग्ने मान्छेहरु यहीँ हुनुहुन्छ । म यहीँ छु, जेल जाने मान्छे यहीँ छौँ, भूमिगत भोग्ने मान्छे यहीँ छौँ, पिटाइ खाने मान्छे यहीँ छौँ । दुःखकष्ट भोग्ने मान्छे यहीँ छौँ ।

पचासौ पटक गिरफ्तारी दिने मान्छेहरु यहीँ छौँ । आज सम्मानित भएका मान्छेहरु यहीँ हुनुहुन्छ । अहिले इतिहास, इतिहास भइसकेको छैन । इतिहास अझै जीवित छ । यो इतिहास अगाडि बढ्छ । अरु विभिन्न यस्ता सफलताका कथाहरुको श्रृंखला बनाउँदै अगाडि बढ्छ ।

मैले अघि नै भनेँ, गौरवपूर्ण ७६ वर्षहरु हामीले पार गरेका छौँ र सय वर्ष पुग्दा यस आन्दोलनलाई समृद्ध नेपाल सुखी नेपालीको एकचरणमा पुर्‍याउने हाम्रो उद्देश्य रहेको छ । जनताको बहुदलीय जनवादले हामीलाई मार्गदर्शन गरेको छ । हामीले तय गरेको समृद्ध नेपाल सुखी नेपालीको त्यस सही गन्तव्यले हामीलाई ऊर्जा दिएको छ । त्यस संकल्पलाई साकार पार्न हाम्रो सक्रियताले हामीलाई सफलता दिलाउने छ । त्यो विश्वासका साथ हामी अगाडि बढ्छौँ । दुनियाँको यथोचित सफलता, साथ, सहयोग र समर्थन हामीलाई छ । हाम्रा छिमेकीहरुको साथ सहयोग र समर्थन हामीलाई छ । कसले भन्यो, साथ सहयोग र समर्थन छैन भनेर ? केही केही समस्याहरु त छिमेककमा देखा पर्न पनि सक्छन् नि, कहिले कहिले । त्यसको संवादबाट हामी समाधान गर्छौं । त्यो कुनै नयाँ कुरा होइन । अस्ति थाइल्याण्डमा मोदीजी र मेरो लामै कुराकानी भएको छ । अझ लामो कुराकानी हुन्थ्यो । तर, मोदीजीको अर्को कार्यक्रममा जानै पर्ने पूर्वनिर्धारित कुराले गर्दा ४५ मिनेट जति कुरा गरेर हामी छुट्यौँ । बहुत राम्रो कुरा भएको छ । विरोध छ, समर्थन आदि..त्यत्रो भारतमा कसैले विरोध गर्ला, यहीँ नेपालमा पनि हाम्रो विरोध गर्ने छन् नि । त्यत्रो भारतमा कसैले विरोध गर्ला, हुनसक्छ त्यत्रो चीनमा कसैले विरोध गर्ला, हुनसक्छ अमेरिकामा कसैले विरोध गर्ला, कुन व्यक्तिले के गर्छ, तर हाम्रा सम्बन्धहरु बहुत राम्रा छन् । हामी कसैका विरुद्ध होइन, सबैसँग मित्रता, कसैसँग छैन शत्रुता भन्ने नीतिका साथ अगाडि बढेका छौँ र हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित छ, असंलग्न छ, तटस्थ छ, मित्रतापूर्ण छ, देशभित्र हाम्रो सम्बन्ध जनताको पक्षमा, लोकतन्त्रको पक्षमा, लोकतान्त्रिक गणतन्त्रको पक्षमा, संविधानको पक्षमा, शान्ति न्याय र समानता, सुरक्षा र सम्मानित जीवनको सबैका निम्तिको प्रत्याभूतिको पक्षमा छ । शहीदका सपनाहरु हामीले नबोकेका होइनौँ, बोकिराखेका छौँ र तिनै सपनाहरु हामी पनि देखिराखेका छौँ, अझै उज्वल भविष्यको सपना । अघि हामीले भिडियो हेर्‍यौँ, कहाँबाट कहाँ, यिनै ३३ वर्षमा हामी कहाँबाट कहाँ पुग्यौँ ? के के विकास गर्‍यौँ, के के फरक पर्‍यो, त्यो साथीहरुले अघि भिडियोमा हेर्नुभयो । त्यसो भएर हामीले उपलब्धि हासिल गरेका छौँ, भिन्नता ल्याएका छौँ, भिन्नता ल्याउने छौँ, सकारात्मक भिन्नता ल्याउने छौँ ।

हामी नकारात्मक सोचबाट होइन, सकारात्मक सोचका साथ अगाडि बढेका छौँ । आज विशेष महत्वको दिन हो, हामीले विशेष संकल्प गर्नु पर्दछ । त्यो संकल्पका साथ अगाडि बढौँ भन्ने म साथीहरुलाई आग्रह गर्न चाहन्छु । देशभरिका साथीहरुले एउटा नयाँ अठोट र नयाँ संकल्पका साथ ७७ वर्षलाई हामीले नयाँ उत्साहको र सफलताको वर्ष बनाउनु पर्दछ । यो मिसन २०८४ का लागि सफलताका लागि मजबुत आधारहरु बनाउने वर्षका रुपमा यो आगामी वर्ष हुनुपर्छ ।

(प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले ९ वैशाख, २०८२ मा नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७६ वर्ष पूरा गरी ७७ वर्ष प्रवेशका अवसरमा व्यक्त गरेको विचारका आधारमा स्वकीय सचिवालयबाट तयार गरिएको पूर्णपाठ)-सम्पादक

# जानकी जन्मस्थान सीतामढी र पुनौरा



डा. रेवतीरमण लाल

पुराण आदिमा उल्लेख भएअनुसार प्राचीन कालमा मिथिला नाउँ भएको राजधानी जसको देशको उत्तरमा हिमालय दक्षिणमा गंगा पूर्वमा कोशी नदी र पश्चिममा गण्डकी नादि भनिएको छ । प्राचीन मिथिला विदेह राजवंशद्वारा शासित थियो । यसका राजाहरुलाई जनक भनिन्थ्यो । त्यसैले यसको राजधानीलाई जनकपुर भनिएको छ । जब राक्षसहरुले तपस्यालीन ऋषिमुनिहरुलाई यज्ञध्वंश गरी ऋषिमुनि मार्ने गर्दथे । त्यसबेला ऋषिमुनिहरुको रगत एउटा भाँडोमा राखेर त्यसलाई रावणको आदेशानुसार त्यस भाँडोलाई मिथिलामा गाड्न लगाइएको कुरा रामायणहरुमा उल्लेख भएको पाइन्छ ।

अनि मिथिलामा एकपटक अनिकाल पर्दा राजा जनकले अनिकाललाई टार्न मिथिलास्थित विद्वान–विदुषीको सभाले राजा जनक स्वयम्ले हलो जोत्नुपर्ने भने राय दिएकाले राजा जनक स्वयम् हलो जोत्न गएका थिए र त्यसबखत हलो जोत्दा राक्षसहरुले गाडेको रगतको भाँडोले हलो अड्काउँदा त्यसबाट एउटी बालिका प्रकट भएको र त्यसलाई राजा जनकजीले आफ्नी छोरीको रुपमा पालनपोषण गर्नुभएको थियो र बालिकाको नाम सीता राखिएको थियो ।

बालिकाको नाम भूमिजा पनि भनिएको थियो । सीताको जन्मभूमिबाट भएकाले नै उनको नाम भूमिजा राखिएको बुझिन्छ ।

तर माता सीताको जन्मस्थान कहाँ हो ? सीतामढी वा पुनौरा ? पुनौरालाई नै अधिकांश मानिस जानकीको जन्मभूमि प्राकट्यको स्थान मानिरहेका छन् । जानकी जन्मस्थान भनिने सीतामढी भएको सीतामढी जिल्लामा पर्दछ र यो भारतको बिहार राज्यमा पर्दछ । यो स्थान नेपालको जनकपुरबाट पनि सुगम सडक मार्गबाट जोडिएको छ ।

रिचार्ड वर्गहार्टका अनुसार सीताको जन्मस्थान सीतामढी हो र त्यो स्थान ३२ माइल दक्षिण पश्चिमतिर हो ।




हालको सीतामढी जिल्लामा पर्दछ । रिचार्ड वर्गहार्टका अनुसार सीतामढी कृपनिबास सन्तले सीतामढी पुग्नु भएको थियो र कृपनिवास र सुर्किशोर दास जयपुरका माधवाचार्यका शिष्य थिए ।

सीतामढीमा भव्य जानकी मन्दिर छ र यसको परिसर अत्यन्त भव्य एवम् रमणीय पनि छ । नगरमा आवासका लागि होटल, लज बासका लागि त छदैँछ, यस ठाउँबाट मुजफ्फरपुर र पटनाका लागि दैनिक बस यातायात उपलब्ध रहन्छ । भनिन्छ जगतजननी सीताको जन्म यसै सीतामढीमा भएको थियो । यसैले यस ठाउलाई सीतामढी (सीतामही) भन्ने गरिन्छ ।

केही वर्षपूर्व भारतबाट प्रकाशित हिन्दी दैनिक अखबार दैनिक जागरणमा प्रकाशित लेखअनुसार पुनौरा स्थान जो सीतामढीदेखि लगभग डेढ किलोमिटरको दूरीमा पश्चिमतर्पm पर्दछ, केही मानिस यसै स्थानलाई जानकीको जन्मस्थान मान्दछन् । समाचार पत्रका अनुसार चित्रकुटका श्री तुलसी पीठाधीश्वर जगतगुरु रामानंन्दाचार्य स्वामी रामभद्राचार्यजी सन २०१० मइमा सीतामढी प्रवासमा उहाँ पुनौरालाई माता जानकीको जन्म स्थान बताउनु भएको थियो तर सीतामढी जानकी स्थानका महन्त माता जानकीको जन्मस्थान यसैलाई भन्नु हुन्छ पुनौरालाई होइन । उहाँको तर्क छ कि सत्रौँ शताब्दीमा विश्वका सर्वोच्च अदालत स्थित लंदनको प्रिवि काउन्सिल यसै सीतामढीलाई जानकी जन्मस्थान भएको निर्णय गरेको थियो ।

पुनः अठारौँ शताब्दीमा आएर बिडला समूहद्वारा सीतामढी जानकी मंदिरको जीर्णोद्धार गर्न खोजेपछि त्यस बखतका महन्थद्वारा मन्दिरको नाम बिडला पर्ने सम्भावना देखेपछि यस मन्दिरलाई जीर्णोद्धार हुन दिनु भएन । बिडलाको टीम पुनौरा पुग्यो र मन्दिरलाई जीर्णोद्धार गराइदियो । केही वर्षपछि त यी दुवै मन्दिरहरुको अवस्था जीर्ण भएपछि वरिपरिका मानिसद्वारा यी दुवै मन्दिरहरुको जीणोद्धार गरिएको थियो ।

एकपटक एउटा महन्थ परलोक गएपछि महन्थ हुन दुई शिष्यमा झगडा शुरु भयो र यो कुरा अदालतसम्म

पुग्यो । प्रिवि काउन्सिलद्वारा जानकी स्थानलाई जानकी जन्मभूमि र वास्तविक शिष्य भएको पैm सला दिएको थियो । अर्को शिष्य पुण्डरीक मठ जो पुण्डरीक ऋषिको स्थान थियो, त्यहाँ गएर महन्थ बने ।

यो पुनौराको मठ जानकी स्थान भनी भनियो । सीतामढी जिल्लाको धेरैजसो मठका महन्थ सीतामढीको जानकी स्थानलाई जानकी प्राक्ट्यको स्थान मानिरहेका छन् । पुनौरा भन्ने स्थान ऋषि पुण्डरीकको स्थान भएको जानकारी हुन आउँछ । कतिपयको विचारमा सीतामढी नै सीताको प्राकट्य भएको स्थान हो र यसै ठाउँमा रहेको मन्दिरलाई जानकी प्राकट्य भएको भन्ने गरिन्छ ।

## सुनु दर्दक पुकार आन्हर बहिर सरकार...!



विशाल दुबे

समस्या,चुनौती प्रत्येक स्तरमेँ यथावत ठाढ भेल छै ।
शिक्षा, स्वास्थ्य, रोजगारक बात करवला सब कहाँ पार भेल छै ।
समस्या समाधान करैत नेताजीसभके मात्र भाषणमेँ देखैत छि ।
निरुत्साहित जनताके कनैत हुनकर आगनमेँ देखैत छि ।
- विश्वास केल गल्ती सुधारु कोना हम ।
- माला पहिराक पठैली, बोलाक माला उतारु कोना हम ।
- निर्वाचित होइते नियत बदैल लेलहासभके सुधारु केना हम ।
- सुनु दर्दक पुकार आन्हर बहिर सरकार ॥
कृषि प्रधान रहल देशक अवस्था एहन कोना आएल अछि ।
३२/३३ मे ४९.५४ करोडक निर्यात कएल देश ७७/७८ मे ४८ अर्वके अयात करैत अछि ।
कृषि क्रान्तिक बिषय उठाबिक व्यक्ति सरकारमेँ पुगैत अछि ।
शहादत देलसभक खेत अखनो सुखल पर्ति रहैत अछि ।
- सत्ता सम्बन्धितके सम्पन्न बनाब लेल व्यवस्था छै ।
- सत्ता असम्बन्धितके बाध्य कए विदेश पठएबाक व्यवस्था छै ।
- कहाँ, किनका, कत्त, केना कहु छैक कतेक समस्या यौ सरकार ।
- सुनु दर्दक पुकार आन्हर बहिर सरकार ... ॥
अहि देशके बासी आ अहि देशक मतदाता छै ।
किय देशक सेवा सुविधासँ अखन तक पराया छै ।
समृद्ध करबाक सपना देखा क भ्रम फैलाओल गेल अछि ।
भ्रामक प्रचार कराक चुनाबी खेल रचाओल गेल अछि ।
- शासक लुटेरा, प्रशासन लुटेरा सार्वजनिक होइत रहैत अछि ।
- चुनाव बेरमेँ आदरसँ लेल मतक अनादर होइत रहैत अछि ।
- सेवा सुविधा लेल निकाय पुगल जनता कुहकैत रहैत अछि ।
- सुनु दर्दक पुकार आन्हर बहिर सरकार ... ॥
समस्यासँ जकरल परिवार छै उदासिनतासँ भरल समाज छै ।
कागजमेँ देल गेल अधिकार कागजमेँ यथावत रहि जाइत छै ।
जियबला व्यक्ती मैर जाई छै, बँचबलाक घर जैर जाइ छै ।
बसल घर उजैर जाई छै, खुशी परिवार बिखैर जाई छै ।
सुनु दर्दक पुकार आन्हर बहिर सरकार ..... ॥

# लोकतन्त्रको ऐना हो संसद्



डा. शोभाकर पराजुली

हिउँदे अधिवेशन समापन भएको २३ दिनपछि संसद्को वर्षे अधिवेशन आजदेखि सुरु हुँदैछ । गत चैत १९ गते रातिदेखि हिउँदे अधिवेशन अन्त्य भएको थियो । संसदको वर्षे अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ । विसं २०७२ को नेपालको नयाँ संविधानमै हरेक वर्ष जेठ १५ गते देशको वार्षिक बजेट ल्याउने भनेर लेखिएको छ । त्यहीअनुसार बजेटका बारेमा तयारी तथा त्यसको कार्यान्वयनका लागि संसद्को वर्षे अधिवेशनको विशेष महत्व हुन्छ ।

तर बजेटबाहेक यसपालि संसद्का अरु पनि धेरै कार्यभारहरू थाँती छन् । सबैभन्दा पहिला त शिक्षक आन्दोलनलाई सम्बोधन गर्नका लागि नयाँ शिक्षा ऐनका बारेमा संसद् एउटा टुङ्गोमा पुग्नुपर्नेछ । २२औँ दिनदेखि काठमाडौँका सडकमा नाराबाजी गरिरहेका शिक्षकहरूलाई अनदेखा गर्न मिल्दैन । सरकारले शिक्षकहरूकै मागअनुसार शिक्षा ऐन पारित गर्ने भनेर वैशाख १२ गते संसद्को बैठक आह्वान गरेको भनेको त छ । तर संसद् खुलेकै दिन त्यसलाई पारित गर्न भने सम्भव छैन । किनकि त्यो ऐनका लागि आवश्यक कामहरू सकिएकै छैनन् । संसदीय समितिले रातदिन काम गरिरहेको भने पनि त्यसका दफावार छलफल सहमतिमा पुग्न सकेको छैन । यो सँगसँगै संसद्मा टेबल भएका, दर्ता भएका तथा अरु पनि छलफलका क्रममा रहेका थुप्रै विधेयकहरू छन् । त्यसको टुङ्गो पनि यही अधिवेशनबाट गर्नुपर्नेछ ।

यसपालि पनि संसद्का यतिधेरै कार्यभारहरू छन् कि अब सांसदहरूले रातदिन नभनेर संसद्मा काम गर्नुपर्नेछ । संसद् भनेको जनताको एउटा प्रतिनिधि थलो हो, जहाँबाट जनतालाई सुन्नै नखोज्ने सरकारलाई पनि त्यहाँबाट सुनाउन सकिन्छ । सरकारले संसद्लाई सुन्नैपर्छ । संसदीय प्रणाली भनेकै जनताको सार्वभौमिकतालाई सर्वोच्चता दिने प्रणाली हो र यही प्रणालीअन्तर्गत बनेका कुनै पनि सरकार संसद्प्रति नै उत्तरदायी हुनुपर्छ । त्यो सरकारको निर्भता नै संसद्मा रहन्छ । प्रजातान्त्रिक शासन व्यवस्थामा संसद् एउटा त्यस्तो निकाय हो, जसले राष्ट्रको कार्यकारी निकाय अर्थात् सरकारको वैधता निर्धारण गर्दछ । सरकार चल्न अनि टिक्नका लागि पनि संसद्को विश्वास जित्नुपर्छ । जुन दिन संसदको विश्वास रहँदैन, त्यो दिन सरकार पनि रहँदैन । खासमा यही शक्ति सन्तुलन अर्थात शक्तिपृथकीकरणको एउटा अङ्ग नै संसद् हो ।

जनताले निर्वाचनमार्फत चुनेका उनीहरूका आफ्नै प्रतिनिधिहरूले जनताका मुद्दाहरूबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुनहरूको निर्माण गर्ने थलो नै संसद् हो । कामकाजी भाषामा भन्ने हो भने संसद् भनेको जनताको जीवनसँग गाँसिएको एउटा लोकतान्त्रिक थलो हो संसद् । लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यास चुनाव हो र त्यसमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन् । देशभरिबाट चुनिएर आएका तिनै जनताका प्रतिनिधिहरूलाई सांसद भनिन्छ र उनीहरूले मन्थन गर्ने थलो भनेको संसद् हो । नेपालले राजनीतिलाई संसदीय संरचना र संसदीय सर्वोच्चतालाई स्वीकार गरिएको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै समय भइसकेको छ । र, पनि यहाँको राजनीतिक संस्कारले संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा त्यसको प्रभावकारिता आमनागरिकले महसुस गर्न सकेका छैनन् ।

नेपालको संसदीय यात्रामा अनेक आरोहअवरोधहरू देखापर्दै आएका छन् । कहिले विघटनको मार अनि कहिले निलम्वनको पासो । कहिले कुनै शासकीय परिवन्द त कहिले अवरोधका अनेकौँ बहानाहरू । नेपालमा पहिलोपटक २०१५ सालमा आमनिर्वाचन भयो । राणाशासनको अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद्को माग अघि सारेको थियो । यद्यपि, त्यो बेला 'क्रान्तिकारी'हरूले संविधानसभाकै गठन हुनुपर्ने भनेका थिए । तर राणासँगको सम्झौतापछि राणा–कांग्रेसको संयुक्त सरकार बन्यो । त्यो अन्तरिम सरकार पनि संविधानसभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो । यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ फागुन ७ मा पहिलोपटक संसदीय निर्वाचनको घोषणा भयो । नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो । त्यसपछि २०१६ असार १६ गते मध्यरातमा मात्रै संसदको पहिलो बैठक बोलाइएको थियो । नेपालमा संसदीय राजनीतिको यो पहिलो कोशेढुङ्गा थियो । तथापि, यो सांसदले आफ्नै पूरै शैसवकाल पनि बाँच्न पाएन । संसदीय अभ्यास तङ्ग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाटै निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए । जनताको प्रजातान्त्रिक थलो खोसियो । जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि जेल हालियो । त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै लड्नमा बिते । त्योबेला पनि पञ्चायती भारद्वारहरूको पञ्चायती सभाहरू त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन् । ती त बरु दरबार रिझाउने र जनतामाथि शासन लाद्नेहरूको मात्रै पञ्चायत थिए ।

विसं २०४६ को जनआन्दोलनपछि फेरि संसद् पुनःस्थापित भयो । र, २०४८ सालमा संसदीय निर्वाचन भयो । त्यसपछिका संसद्हरू पनि धेरै खलबलिए । बहुदलीय शासन व्यवस्था भएका कारण न संसद स्थिर भयो न सरकार नै । पटकपटक फेरिने सरकारहरूले नै संसदलाई बिथोल्ने काम गरे । २०५२ सालपछि २०६२–६३ सम्म कुनै पनि संसद्ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन् । यो वा त्यो बहानामा कहिले संसद् भङ्ग गरियो । माओवादी जनयुद्धका बेला २०५९ सालमा त फेरि राजा ज्ञानेन्द्रले 'कु' गरे । फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एकप्रकारको प्रतिबन्ध लाग्यो । फेरि अर्को जनआन्दोलन भयो । यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनःस्थापनालाई आफ्नो 'बटमलाइन' बनाएको थियो । खासगरी तत्कालीन नेपाली कांग्रेसका सभापति तथा आन्दोलनका कमाण्डर स्व गिरिजाप्रसाद कोइरालाले संसद पुनःस्थापनाको अडान लिनुभएको थियो । त्यहीअनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्सहित जनताका सारा अधिकारहरू फिर्ता गरे ।

एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद्को शक्ति कति हुन्छ भन्ने कुरा नेपालका हरेक संसद्हरूले गतिला उदाहरणहरू पेस गरेका छन् । यो त्यही संसद थियो जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । राजा र राजसंस्थाको शताब्दियौँको विरासत यही संसद्ले अन्त्य गरिदिएको थियो । त्यतिमात्रै होइन, हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै राजनीतिको यो बाटोमा ल्याइदियो । त्यसपछि २०६४ साल र २०७० सालमा संविधानसभाको निर्वाचन भयो । यो संविधानसभाले २०७२ सालमा संविधान जारी ग¥यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पनि फेरि संसदीय चुनाव भयो । यो बेला देशमा गणतन्त्र आइसकेको थियो । देशको शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र सङ्घीयतामा गइसकेको थियो । स्थानीय तह र प्रदेशदेखि सङ्घसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो ।

लोकतन्त्रमा जनताले आफैँ प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन् । तर जनताबाट चुनिएर आएका प्रतिनिधिहरूले नै जनतालाई महसुस हुनेगरी काम नगर्दा नयाँ आम नागरिकमा अब संसद्प्रति नै भरोसा निकै कम भएको मान्न सकिन्छ । यसरी सरसर्ती सामान्य भाषामा बुझ्ने हो भने संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधि थलो पनि हो, जहाँ बसेर प्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन् । जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुनहरू बनाउन सक्छन् । एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्को बैठकहरू अवरुद्ध हुँदा त्यसले कति क्षति पु¥याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन । तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आमजनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन् । संसद् अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकाङ्की हुन जान्छ । संसद् भनेको शक्तिपृथकीकरणको एउटा अभिन्न अंग पनि हो । एक प्रकारले संसद बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ ।

जनतामा सरकार तथा राजनीतिप्रति उभरिएको आक्रोश र असन्तुष्टि विस्तारै व्यवस्थाविरुद्ध नै विष्फोट हुन थालेको छ । हरेक दिनजसो सरकार, राजनीतिक दल र नेताहरूमाथि बर्सिने गालीहरू भने सरकार वा शासक वर्गमाथि जनतामा टुट्दै गएको भरोसाको चिह्न हो । त्यसैले सरकारपछि जनताका आवाज सुन्ने र त्यसलाई प्रभावकारी मन्थन गर्ने थलोका रुपमा संसद चलाऔँ र त्यसलाई चल्न देऔँ । संसद् भनेको हाम्रो लोकतन्त्रको एउटा अर्को ऐना पनि हो । तस्बिर गतिलो देखिए आफूलाई बदलौँ, धुलो लागेको भए त्यसलाई सफा गरौँ । तर त्यसलाई फोड्ने र तोड्ने प्रयास कहिल्यै नगरौँ ।

# मधेश प्रदेशको विकासमा स्विस सहकार्य सघन बन्दै



मधेशदृष्टि
जनकपुरधाम ।
मधेश प्रदेशको समावेशी विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र वैदेशिक श्रमिकको पुनःस्थापनालगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने उद्देश्यले शुक्रबार मुख्यमन्त्री सतिश कुमार सिंह र नेपालमा विकास तथा सहयोगका लागि क्रियाशील स्विस विकास साझेदारी संस्था (एसडिसी) का डिपुटी चिफ अफ मिसन म्याथियास मेयरबीच महत्वपूर्ण शिष्टाचार भेटवार्ता भएको छ ।

जनकपुरधामस्थित मुख्यमन्त्री कार्यालयमा भएको भेटमा दुवै पक्षबीच मधेश प्रदेशमा सञ्चालनमा रहेका स्विस परियोजनाको प्रभाव मूल्यांकन गर्दै, विद्यमान चुनौती र आगामी सम्भाव्य साझेदारीबारे छलफल भएको हो । मुख्यमन्त्री सिंहले नेपालमा संघीय शासन प्रणाली लागू भएको छोटो समय भएकाले संरचनागतरूपमै प्रदेशहरू अझै सशक्त हुन नसकेको उल्लेख गर्दै भने, 'संघीय कानूनहरूको अभाव, निर्देशिका तथा कार्यविधि बनाउने झन्झटिलो प्रक्रिया, दक्ष जनशक्ति अभाव र समन्वयको कमजोरीले प्रदेश सरकारलाई प्रभावकारी सेवा प्रवाहमा चुनौती बनिरहेको छ ।'

तर, उनले विकास साझेदार संस्थाबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा प्रयोग गर्ने प्रतिबद्धता दोहोऱ्याए । उनका अनुसार बजेटको समयमै उपयोग, योजनाको कार्यान्वयन र मूल्याङ्कनका पक्षमा प्रदेश सरकार गम्भीर भएर लागिरहेको छ । मुख्यमन्त्री सिंहले मधेश प्रदेश सरकारको प्राथमिकतामा रहेका योजनाको उल्लेख गर्दै भने, 'हामी वैदेशिक रोजगारीमा गएका युवालाई स्वदेशमै सीप, पुँजी र अनुभवका आधारमा उद्यममा आकर्षित गर्न चाहन्छौं । यसका लागि मधेश विश्वविद्यालयमार्फत सीपमूलक शिक्षा दिन लागिएको छ ।' उनले थपे, 'विदेशमा दुःख खेपेर फर्किएका युवा सम्भावना पनि बोकेर आउँछन् । हामी त्यस्ता युवालाई अवसर दिएर उनीहरूको श्रम स्वदेशकै समृद्धिमा लगाउन चाहन्छौं ।' भेटमा स्विस नियोगका डेपुटी चिफ अफ मिसन म्याथियास मेयरले वैदेशिक रोजगारी सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउने उद्देश्यले सञ्चालित परियोजनाको अनुभव साझा गरे । उनले सुरक्षित श्रम अप्रवासन र स्वदेश फर्किएका युवाको सीप तथा अनुभवलाई प्रदेश विकासमा प्रयोग गर्न सकिने सम्भावनाबारे पनि धारणा राखे । उनका अनुसार, 'मधेश प्रदेशसँग मिलेर सुरक्षित रोजगार, स्वास्थ्य, शिक्षा, पूर्वाधार, मानव संशाधन विकास तथा जीविकोपार्जनका क्षेत्रमा चार वर्षे नयाँ परियोजना तर्जुमा भइरहेको छ । यो सहकार्य अझ सघन रूपमा अगाडि बढ्न सक्छ ।' स्विस नियोगले प्रदेश सरकारसँगको सहकार्यलाई विस्तार गर्दै लैजाने स्पष्ट प्रतिबद्धता जनाएको छ ।

# विष सेवनः तीन सन्तानपछि आमाको पनि मृत्यु

दिपक कर्ण
जनकपुरधाम ।
धनुषाको शहीदनगर नगरपालिका–५ मा एकै परिवारमा भएको सामूहिक विष सेवनको हृदयविदारक घटनामा आमासहित तीन सन्तानले ज्यान गुमाएका छन् । चार दिनअघि विष सेवन गरेकी पविता कुमारी साहको शुक्रबार बिहान जनकपुरधामस्थित रामजानकी अस्पतालमा उपचारक्रममा मृत्यु भएको छ । अब परिवारमा एकमात्र बाँचेको सदस्य गर्भबाट शल्यक्रियामार्फत जन्मिएकाशिशुमात्रबाँकीछन् । २८ वर्षीया पविता कुमारी साह सोमबार साँझ तीन सन्तान ६ वर्षीय छोरा आदित्य, ४ वर्षीया छोरी आकृति र २ वर्षीय आरुषीसँगै बेहोश अवस्थामा फेला परेकी थिइन । तत्काल सबैलाई अस्पताल पुऱ्याइए पनि तीन बालबालिकाको ज्यान जोगाउन सकिएन । आमा पविता भने गम्भीर अवस्थामा चार दिनसम्म भेन्टिलेटरमा थिइन् । अन्ततः शुक्रबार बिहान उनले पनि अस्पतालमा दम तोडिन् ।



पविता गर्भवती थिइन् । विष सेवनको अवस्था निकै जटिल बनेपछि चिकित्सकले तत्काल शल्यक्रिया गरेर शिशुलाई जन्माएका थिए । अस्पतालका अनुसार नवजात शिशुको स्वास्थ्य अवस्था सामान्य छ । उनलाई विशेष निगरानीमा राखिएको छ । शिशुले आमा, दाजु र दुई दिदीलाई गुमाइसकेको छ ।

घटनाको यकिन कारण अझै पुष्टि हुनसकेको छैन । यद्यपि स्थानीय र प्रहरी स्रोतले प्रारम्भिक अनुसन्धानमा पविताको पारिवारिक झगडा, तनाव र मानसिक दबाबका कारण यस्तो आत्मघाती कदम उठाएको हुनसक्ने अनुमान गरेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ । घटनापछि शहीदनगर शोकमा डुबेको छ । गाउँका बासिन्दा अझै यो पीडाबाट माथि उठ्न सकेका छैनन् । एकैपटक एउटै परिवारका चार सदस्य गुमाउनु गाउँलेका लागि कहालीलाग्दो अनुभव बनेको छ । शहीदनगर–५ का दिलिप साहले भने, 'साना बच्चाहरू र गर्भवती आमाको निधन, यस्तो कहालीलाग्दो घटना हाम्रो गाउँमा पहिले कहिल्यै भएको थिएन । अहिले पनि विश्वास गर्न गाह्रो भइरहेको छ ।'

# होटेल व्यवसायीप्रति राज्यको हेय



मधेशदृष्टि
काठमाडौं ।
काठमाडौँका होटेल व्यवसायीहरूले राज्यबाट पाउनुपर्ने साथ र संरक्षण नपाएको भन्दै गुनासो गरेका छन् । होटेल व्यवसायी संघ काठमाडौँका अध्यक्ष सुरेश बरालले नेपाल पत्रकार महासंघको नवनिर्वाचित कार्यसमिति सदस्यसँग भेटमा व्यवसायीले भोगिरहेको वास्तविकता प्रस्तुत गर्दै राज्यको दृष्टिकोणप्रति गम्भीर प्रश्न उठाए ।

अध्यक्ष बरालका अनुसार देश–विदेशका पर्यटकको बाक्लो आगमन हुने क्षेत्रमा रहेको होटेललाई सुरक्षाको प्रत्याभूति दिनु त परै जाओस्, प्रहरीले नै राति १० बज्नासाथ सिठ्ठी फुक्दै होटेल बन्द गराउने गरेको व्यवहार अत्यन्तै आपत्तिजनक छ । 'होटेल व्यवसाय अपराध होइन, यो त पर्यटन विकासको मेरुदण्ड हो,' उनले भने, 'तर व्यवहारमा हामी अपराधीजस्तै व्यवहार भोगिरहेका छौं ।'

पत्रकारसँगको संवादमा बरालले राज्यले होटेल व्यवसायप्रति देखाएको दृष्टिकोण नीतिगतरूपमा मात्र होइन, व्यवहारगत रूपमा पनि हेयपूर्ण देखिएको स्पष्ट पारे । त्यसैगरी, संघका सचिव तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको होटेल रोयल प्यालेसका सञ्चालक अनिष बानियाले पनि राज्यको दृष्टिकोणप्रति गम्भीर असन्तुष्टि जनाउँदै भने, 'हामीले हरेक कानूनी प्रक्रिया पालना गर्छौं, कर तिर्छौं, तर रातको समयमा सञ्चालनमै रोक लाग्ने व्यवहारले हामी व्यवसायी होइन, दोषी ठहरिएको अनुभूति हुन्छ ।'

नेपाल पत्रकार महासंघका अध्यक्ष युवराज विद्रोहीले सञ्चार क्षेत्र र राज्यले पर्यटन तथा निजी व्यवसायलाई सम्मानजनक रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'हाम्रो पत्रकारिता होटल व्यवसायको पक्षमा मात्र होइन, राष्ट्रको आर्थिक विकासको पक्षमा पनि खडा हुन्छ ।'

# आतंककारी हमलाको विरोध



मधेशदृष्टि
वीरगंज ।
नेपाल भारत सहयोग मञ्चले भारत, कश्मीरको पहलगाममा भएको आतंकवादी हमलाबाट स्तब्ध र मर्माहत भएको जनाएको छ । संघका अध्यक्ष अशोककुमार वैधले विज्ञप्ति जारी गर्दै भारतीय र विदेशी पर्यटकसहित २८ निर्दोषको ज्यान गएको घटनामा नेपालका नागरिक नागरिक सुदीप न्यौपाने पनि परेको खबरले स्तब्ध भएको जनाएका छन् । अध्यक्ष वैधले बर्बर र कायर आतंककारी कार्यको निन्दा गर्दै घटना धार्मिक पहिचानका आधारमा लक्षित गरिएको देखिएको र यस्तो कार्य मानवताकै अपमान भएको बताएका छन् । उनले प्रियजनहरू गुमाएका परिवारमा समवेदना व्यक्त गर्दै घाइते र आघातमा परेकाको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । अध्यक्ष वैधले जघन्य कार्यका दोषीलाई न्यायको कठघरामा ल्याउन र आतंककारी कार्यको सामना गर्न अटल संकल्प जरुरी भएको बताएका छन् ।

भारतका जनता र सरकारसँग पूर्ण ऐक्यबद्धता जनाउँदै अध्यक्ष वैधले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको गतिशील नेतृत्वमा आतंकवादका शक्तिहरू जरैदेखि उखेलिने र आक्रमणका संलग्नहरु कारबाहीमा पर्ने विश्वास व्यक्त गरेका छन् ।

# अभियानद्वारा आतङ्ककारी हमलाको भर्त्सना

मधेशदृष्टि
काठमाडौं ।
राष्ट्रिय एकता अभियानले भारत, जम्मू कश्मीरको पहलगाममा भएको आतङ्ककारी हमलाको भर्त्सना गरेको छ । शुक्रबार रिपोर्टर्स क्लब नेपालमा आयोजित पत्रकार सम्मेलनमार्फत अभियानले घटनाको घोर भर्त्सना गरेको हो । जम्मू कश्मीरको पहलगाममा आतङ्ककारीले आक्रमण गर्दा एक नेपालीसहित कम्तीमा पनि २८ जना मारिएको बताइएको छ ।

'भारतको जम्मू कश्मीरको पहलगाममा भएको आतङ्ककारी हमलाले हामी नेपाली र विश्वभरका हिन्दू समुदाय गहिरो दुःखमा छौं । निर्दोष नागरिकको ज्यान जाने यस्ता बर्बर र अमानवीय घटनाले मानव समुदायलाई पीडित बनाएको छ । नेपाल जहिले पनि शान्ति, सहअस्तित्व र मानवअधिकारको पक्षमा उभिँदैआएको छ । यस्ता आतङ्कवादी गतिविधिको हामी घोर भर्त्सना गर्दछौं । भारत सरकार र जनताप्रति यस दुःखद् घडीमा हामी पूर्ण ऐक्यवद्धता प्रकट गर्दछौं,' अभियानले भनेको छ ।

अभियानका अध्यक्ष विनय यादवले जम्मू कश्मीरमा आतङ्ककारीले धर्म सोधिसोधी मारेको बताए । ती आतङ्ककारीको निशाना भारतमात्रै नभएर विश्वका हिन्दु समुदाय रहेको उनले बताए । 'विश्वमा स्लामिक आतङ्कवाद बढ्दै गएको छ । त्यसबाट नेपाल अछुतो छैन । नेपाल सरकार मौन छ, प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्रीसँग कुरा गरेर, समवेदना दिएर मात्रै हुँदैन । नेपालमा त्यस्ता घटना रोक्न सरकारले पहल गर्नुपर्यो,' उनले भने ।

# रेल्वे ट्र्याकको प्याण्डल कसले खोल्यो ?

मधेशदृष्टि
वीरगंज ।
भारत–नेपाल सीमा क्षेत्रस्थित रक्सौल–दरभंगा रेल खण्डको कुण्डवा चैनपुर रेलवे स्टेशन नजिकै रेल ट्र्याकको प्याण्डलबाट दुई विद्यार्थी पक्राउ परेका छन् । उनीहरू मदरसाका विद्यार्थी भएको पाइएको छ ।

दुवैलाई रेलवे प्रोटेक्सन फोर्स (आरपिएफ) ले हिरासतमा लिएपछि यसले रेल सुरक्षाबारे खुफिया एजेन्सी पनि तनावमा परेको बताइएको छ । पूर्वी चम्पारणस्थित खरहीमा मदरसामा अध्ययनरत विद्यार्थी किन रेलवे ट्र्याकमा खेले, कतै कुनै दुर्घटना गराउने देशविरोधी योजना त थिएन भन्ने प्रश्न उब्जिएको हो ।

शुक्रबार बिहान करिब ९ बजे कुण्डवा चैनपुर रेलवे स्टेशन नजिकैको रेल ट्र्याक ६ र ७ को बीचमा दुई दर्जन प्याण्डलसहित दुई विद्यार्थीलाई आरपिएफले नियन्त्रणमा लिएको हो । रेलवे लाइनका धेरै प्याण्डल खोलिएको अवस्थामा फेला परेको छ । रेललाई क्षति पुऱ्याउन ठूलै दुर्घटना गराउने नियत त होइन भन्ने प्रश्नले सबैलाई सशंकित बनाएको छ ।

सीमा जागरण मञ्चका कार्यकर्तालाई संदिग्ध गतिविधिको जानकारी प्राप्त भएपछि घटना बाहिर आएको हो । स्रोतका अनुसार, यो कार्यमा अन्य केही नाबालिग पनि संलग्न थिए र उनीहरू भाग्न सफल भएका छन् । विद्यार्थीहरूले प्रारम्भिक बयानमा भने प्याण्डल पहिल्यै खोलिएको र आफूहरूले संकलन मात्र गरिरहेको दाबी गरेका छन् । रेल ट्र्याकको प्याण्डल कसरी खुल्यो ? प्रश्न उब्जिएको छ । आरपिएफका सहायक उपनिरीक्षक (एएसआइ) सुधीर कुमारले घटनाको गहन अनुसन्धान भइरहेको बताएका छन् ।

# वृन्दावनमा पौने पाँच करोडको खानेपानी आयोजना

आरके श्रीवास्तव
गरुडा ।
रौतहटको वृन्दावन नगरपालिकामा खानेपानी आयोजना बनिरहेको छ । नगरपालिकाको वडा नम्बर ८ र ९ का बीचमा ४ करोड ७८ लाख ७ सय ७७ रुपैयाँको लागतमा खानेपानी ट्यांकी निर्माण हुन लागेको नगर प्रमुख विनोद प्रसाद कुर्मीले बताए । शुद्ध खानेपानीको अभाव पूर्ति गर्ने अपेक्षासहित खानेपानी निर्माण प्रक्रिया अघि बढाइएको उनले बताए । गाउँमा पर्याप्त र सुरक्षित खानेपानी पुऱ्याउन ५ लाख लिटर क्षमताको ओभरहेड ट्यांकी निर्माण भइरहेको छ । संघीय विशेष अनुदानको




बजेटबाट खानेपानी आयोजना निर्माण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलले बताए । 'खानेपानी निर्माणका लागि प्रक्रिया अघि बढिसकेको छ,' भुजेलले भने, 'गतवर्ष हामीले इविडिङमार्फत ठेक्का लगाएका थियौँ । सर्लाही तिरुपति बालाजी निर्माण कम्पनीले खानेपानी आयोजना निर्माण गरिरहेको छ ।' उनले भने, 'गतवर्ष ७१ लाख रुपैयाँ बजेट आएको थियो भने चालु आर्थिक वर्षमा ९० लाख रुपैयाँ आएको छ, त्यसैबाट खानेपानी निर्माणको काम भइरहेको छ । २ वर्षमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य छ, आगामी वर्षको बजेटमा काम सकिनेछ ।' निर्माणक्रममा दोस्रो चरणको फाउन्डेसन ढलान कार्य र पिलर उठाउने काम भइरहेको उनले बताए । वृन्दावनमा आयोजना सञ्चालनमा आएपछि ७ हजार सेवाग्राही लाभान्वित हुने कार्यपालिका सदस्य राजेश पासवानको भनाइ छ । बहुअरी, आकहपाथड, बरगजवा र भुसहा टोलका वासिन्दाले स्वच्छ पानी पाउने छन् । हाते कलका पानी भरमा वडाका वासिन्दा बाँचिरहेका छन् । आयोजनाले 'एक घर, एक धारा' अवधारणा अनुसार पानी वितरण गर्ने मेयर कुर्मीको भनाइ छ । आयोजनाले वृन्दावन नगरपालिकाको समग्र विकासमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

# स्वास्थ्य सेवा ठप्प हुँदा सर्वसाधारण प्रभावित

मधेशदृष्टि
वीरगंज ।
वीरगंजका सरकारी तथा निजी अस्पताल, मेडिकल कलेज र क्लिनिक शुक्रबार बन्द रहे । आकस्मिक सेवाबाहेक सबै प्रकारका उपचार सेवा ठप्प भए । नेपाल चिकित्सक संघको आह्वानमा चिकित्सकहरू सेवा बन्द गरी आन्दोलनमा उत्रिएपछि सेवा अवरुद्ध भएको हो । नारायणी अस्पतालदेखि निजी अस्पताल र मेडिकल कलेजसम्मको नियमित सेवा प्रभावित भएको थियो ।

साथै, डाक्टरहरूले सञ्चालन गर्दै आएका निजी क्लिनिक पनि बन्द गरिएका छन् । आवासीय चिकित्सकले अहिलेसम्म निर्वाह भत्ता नपाएको, साथै विभिन्न ठाउँबाट धम्की आइरहेको गुनासो गर्दै संघले दबाव दिन आन्दोलन थालेको हो । संघले माग पूरा नभएसम्म चरणबद्ध आन्दोलन जारी राख्ने चेतावनी दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन